# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

बालबालिकाले आफ्नो गति र क्षमता अनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो । यस्ता विद्यालयमा बालबालिका अनुकूलको सिकाई वातावरण तयार गरिन्छ, बालबालिकाहरूको अन्तरनिहित क्षमताको विकास गरिन्छ । कुनै पनि प्रकारका भौतिक, शारीरिक एवम् मानसिक दण्ड, सजाय वर्जित हुन्छ र बालबालिकाहरूलाई दुर्व्यवहार र नोक्सानीबट बचाउने काम निरन्तर रूपमा भइरहेको हुन्छ (बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप) ।

मानव विकासको महत्वपूर्ण समय नै बाल्य अवस्था हो । यो अवस्था ६ देखि १० वर्ष उमेर समूहलाई लिईन्छ । वालवालिकाले पाएको वातावरणबाट नै उसले आफ्नो चौतर्फी विकास गर्न सक्छ । त्यसैले घर र विद्यालयको वातावरण(ामा ध्यान पुऱ्याउनु पर्ने हुन्छ । घरपछिको सिक्ने थलो विद्यालय भएको हुनाले विद्यालयको वातावरण मायालु हुन जरुरी छ । विद्यालयमा घर छोडेर गएपछि उसले नयाँ ठाउँमा आफूलाई सुरक्षित महसुस गर्न पाउनु पर्छ । त्यसको लागि विद्यालयको वातावरण भयमुक्त हुन आवश्यक छ ।

विद्यालय बालमैत्री भएमा वालवालिको चाहना र क्षमता अनुसार सिकाई क्रियाकलापमा आफूलाई सक्रिय बनाउछन् । जसको निमित्त विद्यालय परिवारबाट पाउने मायाँ, हौसला, प्रोत्साहन नै महत्वपूर्ण हुन्छ । कक्षाकोठाको वातावरण, व्यवस्थापन, शिक्षकको शैली, शिक्षण सामग्री र विधि, बसाईव्यवस्थापन, बालमैत्री भएमा उसले हाँसीखुसी खेलेर आफूलाई थाहै नपाई सिकाइ क्रियाकलापमा सक्रिय रुपमा अगाडि बढाईसकेको हुन्छ ।

यिनै कुरालाई ध्यानमा राखेर हाम्रो देशमा पनि कतिपय विद्यालयले यस्तो व्यवस्था गरेका छन् भने कतिले आफूहरू अनविज्ञ भएको कारणले व्यवस्थापन गर्न नसकेका हुन सक्छन्।

बालबालीकाहरू राम्रो-नराम्रो, असल-खराव, बुद्धिमान्-मूर्ख आदि गुणहरू लिएर जन्मदैनन् । साधारणतया वालवालिकाको शारीरिक बनोट र मानसिक विकास उस्तै प्रकारको हुन्छ । जव वालवालिकाहरू हुर्कदै बढ्दै जान्छन् उनीहरूको शारीरिक विकासको साथसाथै मानसिक र संवेगात्मक विकास पनि हुँदै जान्छ जुन उनीहरूले पाएको वातावरणले नजानिँदो किसिमले असर पार्दै लगेको हुन्छ । वालवालिकाहरू घर, परिवार अनि समाजबाट अनौपचारिक शिक्षा प्राप्त गर्दै विद्यालयमा आउँछन् । विद्यालयको वातावरणले उनीहरूको सर्वाङ्गीण विकास गराउन सक्नुपर्छ । प्रत्येक विद्यार्थीले आफूलाई भौतिक रूपमा सुरक्षित, संवेगात्मक रूपमा रमाइलो, मनोवैज्ञानिक रूपमा मनोबल उच्च महसुस गराउने वातावरण भएको विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ । बालमैत्री विद्यालय बालबालिकाको विद्यालय अध्ययनमा आवश्यकताको खोजी गर्ने विद्यालय हो र

सबै बालबालीकाको समावेशीकरण गर्ने बालकेन्द्रित विद्यालय पनि हो । बालबालिकासँग प्रभावकारी, बालबालीकाको लागि स्वास्थ्य र सुरक्षित, लैङ्गिक सचेतना, परिवार र समुदायसँगको सम्लग्नता र बालसहभागितामा जोड दिने विद्यालय नै वालमैत्री विद्यालय हो (शिक्षा विभाग, २०६२) ।

कक्षामा शिक्षकहरूबाट शिक्षणक्रियाकलाप सञ्चालन भइरहेको हुन्छ भने विद्यार्थीहरू शिक्षणक्रियाकलापमा संलग्न हुन्छन् । सिक्ने ठाउँको वातावरण वालमैत्री हुन आवश्यक छ । सिक्ने ठाउँ भन्नाले कक्षाकोठा सहित सिंगो विद्यालयको वातावरण बुझ्नु पर्छ । यसको लागि व्यवस्थापन पक्षले ठूलो भूमिका खेलेको हुन्छ । शिक्षण सिकाइ सञ्चालन गर्न मात्र राम्रो व्यवस्थापन भएमा समयको सदुपयोग पनि हुन्छ । रमाइलो वातावरण भएमा विद्यार्थीहरू प्रत्यक्ष र अप्रत्यक्षरूपबाट आफूलाई सिकाइ क्रियाकलापमा लामो समयसम्म सहभागि बनाईरहेका हुन्छन् । कक्षाकोठाको वातावरणले नै विद्यार्थीलाई पढ्नमा हौसला बढाइरहेको हुन्छ जसले गर्दा शिक्षकलाई शिक्षण गर्न पनि सहज हुन्छ (शिक्षा विभाग,२०६२) ।

सन् १९१४ देखि १९१८ सम्म भएको प्रथम विश्वयुद्धमा असङ्ख्य बालबालिकाहरू अपाङ्ग र अनाथ भए । युद्धग्रस्त क्षेत्रमा लाखौं बालबालिका भोका र नाङ्गा बन्न पुगे । त्यस अवस्थामा पीडित बालबालिकाका दुःख देखेर बेलायतकी महिला फोटो पत्रकार एगलान्टाइन जेवले युद्धग्रस्त क्षेत्रका नाङ्गा केटाकेटीका फोटोको निकै प्रचारप्रसार गरिन् । त्यति बेलाको बेलायती समाजमा केटीहरूले कुर्कुच्चा देखाउनु समेत अपराध मानिन्थ्यो । त्यस्तो समाजमा नाङ्गा फोटो खिचेको आरोपमा जेवलाई जेलको सजाय सुनाइयो । जेलमै रहेकै अवस्थामा जेबले "सबै युद्धहरू बालबालिका र महिलाविरूद्धका युद्ध हुन्" भन्ने आवाज उठाइन् । जेलमै उनले सन् १९२१ म बाल अधिकार घोषणा पत्रको मस्यौदा तयार पारिन्. । सेभ द चिल्ड्रेन यु.के.को स्थापनाबाट बाल बचाउ अभियानको सुरुवात गरिन् ।

१९२४ मा राष्ट्रसंघको पाँचौं महासभाले आफ्ना सदस्य राष्ट्रहरूलाई जेनेभा घोषणा पत्रलाई अनुमोदन गर्न आह्वान गर्दै यसलाई पारित गऱ्यो । नेपालले महासन्धिलाई १४ सेप्टेम्वर १९९० मा अनुमोदन गरी १४ अक्टोवर १९९० मा लागू भएको हो (बाल यौन दुर्व्यवहार न्युनिकरण सम्बन्धी सहयोगी पुस्तिका) ।

१९९९ मा बाल अधिकारसम्बन्धी महासन्धिमा उल्लेखित बाल अधिकारलाई समर्थन जनाउँदै श्रम सङ्गठनले १७ जुनमा अत्यन्त खराव अवस्थामा बाल श्रमसम्बन्धी महासन्धि नं.१८२ लाई पारित गऱ्यो जसलाई नेपालले अनुमोदन गर्ने निर्णय नोभेम्बर २००० मा गरिसकेको छ ।

२००० मा महासन्धिलाई विश्वका सबै राष्ट्रहरूद्वारा अनुमोदन गराई विश्व इतिहासको पहिलो रेकर्ड स्थापित गर्ने उद्देश्य अनुरुप १९१ राष्ट्रहरूद्वारा अनुमोदित गऱ्यो । यसै महासन्धि

अन्तर्गतका दुईवटा सशस्त्र संघर्षमा बालबालिकाको बेचविखन, बाल देहव्यापार र बालबालिकाको अश्लिल चित्रणसम्बन्धी ऐच्छिक सन्धिपत्रहरू तयार गरिए । यिनीहरुमा संयुक्त राष्ट्रसंघको सहस्राब्दी शिखर सम्मेलनमा नेपालले पनि हस्ताक्षर गरिसकेको छ ।

यसै सन्दर्भमा सिकाई प्रकृयामा बालमैत्री अवधारणासँग सम्बन्धित विषयमा वेलायती नागरिक प्रो.वाल्सले क्राईटेरिया अफ द चायल्ड फ्रेन्डलिनेस नामक कार्यपत्र सन् १९९५ मा प्रस्तुत गरे । उनले आफ्नो कार्यपत्रमा बालमैत्री अवधारणाका तीन आधारहरू विधि, साधन र सूचकहरू प्रस्तुत गरेका छन् ।

सन् १९९६ मा थाइल्याण्डमा थाइल्याण्ड चायल्ड फ्रेन्ड्लि स्कूल प्रोग्राम अन्तर्गत सेभ द चिल्ड्रेन्ड (यु.एस.) ले सन् १९९६ देखि १९९९ सम्म चार वर्षे कार्यक्रम शुरू गरेपछि बालमैत्री अवधारणा पहिलो पटक कार्यान्वयनको चरणमा उत्रियो । यस कार्यक्रममा शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय समुदायका व्यक्तिहरू समेतको सहभागितामा थाइल्याण्डका २८ वटा विद्यालयका समस्याहरू र वालबालिकाहरूका आवश्यकताहरू पहिचान गर्ने काम गरियो । क्रमशः यसको प्रभाव अन्यमूलुकमा पर्दै गयो ।

नेपालको सन्दर्भमा बालमैत्री अवधारणाको प्रयोग लगभग त्यसै समयदेखि नै भएको देखिन्छ । सन् १९९९ मा सेभ द चिल्ड्रेन (यु.एस.) को सहयोग र सक्रियतामा कन्चनपुर जिल्लाका पिपलारी, लेखतमुलारी र झलारी गरी तीन गाविसका १० वटा विद्यालयहरूमा पहिलो पटक वालमैत्री विद्यालयको अवधारणालाई प्रयोग गरेर विद्यालयका गतिविधि सञ्चालन गर्ने कार्यको थालनी गरियो ।

सुनसरी जिल्लामा युनिसेफ मार्फत जि.वि.स.द्वारा वि.सं.२०६३/०६४ सालमा भलुवा र सिंगिया गा.वि.स.मा पहिलोपटक बालमैत्री विद्यालयको सुरुवात गरी सञ्चालन गरेको थियो । अहिले ६५ ओटा बालमैत्री विद्यालय सुनसरी जिल्लामा सञ्चालिन छन् तर यिनिहरुको रेखदेख नेपाल सरकारले व्यहोर्ने गरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारुपको अवधारणा अनुरुप सञ्चालित छन् (स्रोत :जि.शि.का.सुनसरी २०७०) ।

शिक्षा विभागको समन्वय र नेपाल शिक्षक युनियनको सहकार्यमा वालमैत्री विद्यालय शिक्षक प्रशिक्षण पुस्तिका २०६२ तयार गरिएको छ । विभिन्न जिल्लाका शिक्षकहरू तथा विद्यालयका नीरिक्षकहरूलाई बालमैत्री विद्यालयको अवधारणा विद्यालयमा प्रयोगसम्बन्धी शिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन भइरहेको छ । यसबाट यो कार्यक्रम नेपालका सबै जिल्लाहरूमा गर्ने क्रममा रहेको छ भन्न सकिन्छ ( पोखरेल २०६६) ।

## १.२ समस्याको कथन

आजको आवश्यकता भनेको प्रत्येक विद्यालयलाई बालमैत्री अवधारणा अनुसार परिमार्जित गर्दै लैजाने नै हो । किनकि विद्यालयहरूमा वालवालिकाहरूलाई उपर्युक्त वातावरण नभएकै कारण विद्यालय वालमैत्री बन्न सकिरहेका छैनन् ।

अझै पनि विद्यालयको वातावरण र कक्षाकोठा स्वागतयोग्य र सुरक्षित छैनन् , खानेपानीको उचित प्रबन्ध छैन । कक्षाकोठा व्यवस्थित, सुरक्षित, आकर्षक,सकारात्मक, सहयोगि, प्रोत्साहित, अभिप्रेरित साथै परिवर्तनशील र धेरै रमाइलो नभएका कारण विद्यालयहरू बालमैत्री बन्न सकेका छैनन् । बालबालीकाहरूका लागि विद्यालय यातनाका केन्द्र झै बनेका छन् । घरबाट विद्यालय जाँदा वालवालिकाहरू रूँदै जान्छन् भने विद्यालयमा छुट्टीको घण्टी बज्नासाथ खुशीसँग रमाउँदै जेलबाट भागेको कैदी जस्तो घरआइपुग्छन् । यो स्थितिको सिर्जना हुनुमा विद्यालयका शिक्षक, अभिभावक र विद्यालयको वातावरण नै जिम्मेवार रहेको हुन्छ । विद्यार्थीहरूलाई रमाइलो लाग्ने र प्यारो वातावरण वालमैत्री विद्यालयमा मात्र हुने भएकाले प्रत्येक विद्यालयलाई बालमैत्री बनाई यस्ता बालमैत्री वातावरणमा अध्ययन गराउने विद्यालयको कक्षाको व्यवस्थापन कस्तो रहेको छ भनी अध्ययन गर्नु अति आवश्यक हुन्छ । यस प्रश्नलाई अध्ययन अनुसन्धान गरी सोको प्राप्तिबाट मार्गनिर्देशनका रूपमा स्थापित गर्न यो अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालयहरूमा आजको युगमा आइपुग्दा पनि परम्परागत शैली अपनाएर नै शिक्षण क्रियाकलाप सञ्चालन गरिरहेको अवस्था विद्यमान छ । बालबालिकाहरूलाई स्वयं अभिभावकहरूले पनि कुटी-कुटी पढाईदिनु है भनेर शिक्षकलाई भन्ने गर्दछन् । यो पाराको सजाय दिएपछि तहलाग्छ भन्ने सोच अझै जारी छ भने विद्यालयमा पनि शिक्षकहरूले चक, भासन र लौरो पद्वति अपनाएर पढाउने चलन अझै कायम रहेको छ । यसरी अध्ययन गरेर हेर्दा बालमैत्री विद्यालयप्रतिको सचेतना अभिवृद्धि गर्न आवश्यक छ । बालबालिकालाई विद्यालयप्रति आकर्षित गर्न विद्यालयको वातावरणलाई नै व्यवस्थापन गर्नुपर्ने हुन्छ । जुनसुकै बालबालिका विद्यालयको प्रवेशद्वारबाट भित्र प्रवेश गर्दा उसले घरमा भन्दा राम्रो वातावरण पाउनु पर्छ । जसले गर्दा विद्यालयमा कतिवेला पुगौं भन्ने बालबालिकालाई हुनुपर्छ । विद्यालयप्रति बालबालीकालाई आकर्षित गर्न कक्षालाई रूचीपूर्ण बनाउन, शिक्षण सिकाई क्रियाकलापमा प्रभावकारिता ल्याउन, विद्यार्थीलाई नियमित उपस्थित गराउन, सहभागितामूलक बनाउन, भयरहित वातावरण बनाई दण्डबाट मुक्त गर्न, बालअधिकारको संरक्षण गर्न, विद्यालयको वातावरणलाई बालमैत्री बनाउनको निमित्त सिंगो विद्यालय परिवारले व्यवस्थापन पक्षमा ध्यान पुऱ्याउन आवश्यक छ । बालमैत्री हुनको निमित्त शिक्षक तथा कर्मचारीको

बालबालीकालाई गर्ने व्यवहार वालमैत्री हुन आवश्यक छ । जातीय, धार्मिक, सक्षमता आदिमा तुलना तथा छात्र-छात्रामा भेदभाव गर्नु हुँदैन । जसको लागि फूलवारी, धारापानी, शौचालय, कक्षाकोठा व्यवस्थापन, बसाईं व्यवस्थापन, खेल्ने चौर आदिको वातावरण व्यवस्थापन बालमैत्री हुन आवश्यक छ । त्यसैले यो अनुसन्धान उपर्युक्त पक्षको व्यवस्थापनको निक्यौंल गर्न उपयोगी हुनेछ ।

यो नवीन विषयमा अध्ययन गरी ठोस निष्कर्ष प्रस्तुत गर्नु नितान्त सान्दर्भिक र औचित्यपूर्ण देखिन्छ । यसबाट निम्न पक्षहरूलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन गर्न सहयोग पुग्ने छ । शिक्षकहरूलाई बालमैत्रीपूर्ण विधिद्वारा शिक्षण सिकाई प्रक्रिया अगाडि बढाउन मद्दत मिल्ने छ ।बालबच्चाहरूको स्तर, चाहना र क्षमता हेरी उनीहरूलाई सक्रिय सिकाई गर्न सहयोग पुग्ने छ । अनुसन्धान कर्ताका लागि आगामी समयमा एक महत्वपूर्ण स्रोतसामाग्रीका रूपमा रहने छ । यो अनुसन्धानले शैक्षिक योजना निर्माणमा शैक्षिक योजनाकारका लागि सहयोग पुऱ्याउने छ । विद्यालय व्यवस्थापनमा विद्यालय प्रशासक, व्यवस्थापकहरूका लागि यो अध्ययन उपयोगि सामाग्रीका रूपमा रहने छ । यो अध्ययन पाठ्यक्रम निर्माणका लागि पनि शैक्षिक नीति निर्माण गर्ने क्रममा उपयोगी हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन्:

(क) विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन प्रकृयाको अध्ययन गर्नु ।

(ख) विद्यालयमा शिक्षकहरूका बालमैत्री व्यवहारहरूको विश्लेषण गर्नु ।

(ग) विद्यालयका बालमैत्री कक्षा व्यवस्थापनका चुनौतीहरुको खोजी गर्नु ।

(घ) विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापनका समस्या समाधानका उपायहरू खोज्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अनुसन्धानमा निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

(क) विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापनको वातावरण कस्तो छ ?

(ख) बालमैत्री विद्यालयमा के-के समस्या छन् ?

(ग) विद्यालयमा शिक्षक कर्मचारीका बालमैत्री व्यवहारहरू कस्ता छन् ?

(घ) विद्यालयमा कक्षा व्यवस्थापन कसरी गरिएको छ ?

(ङ) बालमैत्री विद्यालयका समस्या समाधानका उपायहरू के-के हुन् ?

(च) शिक्षक र विद्यार्थी बीचको सम्बन्ध कस्तो देखिन्छ ?

## १.६ अध्ययनको परिसीमा

यस अनुसन्धानले सुनसरी जिल्लामा सञ्चालित ६५ वटा वालमैत्री विद्यालय मध्ये धरान नगरपालिकामा अवस्थित ५ वटा विद्यालयहरू मात्र उद्देश्यपूर्ण नमूना छनौट विधिबाट छनौट गरी अध्ययन गरिएको छ। अध्ययनमा समय-साधन र स्रोतलाई ध्यानमा राखि यो अध्ययन कार्य गरिएको छ। उक्त विद्यालय अन्तरगतका स्रोतव्यक्ति तथा विद्यालयहरूको स्थलगत अध्ययन र अवलोकनबाट प्राप्त अभिलेख, प्र.अ.शिक्षक, विद्यार्थी एवम् अभिभावकहरूसँगको अर्न्तवार्ता, प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू र विद्यालयको अभिलेखलाई आधारमानेर अध्ययन अनुसन्धान कार्य गरिएको छ। विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी एवम् अभिभावकहरूलाई नै समग्र तथ्याङ्क प्राप्त गर्न स्रोतहरूको रूपमा लिइएको छ। यस अध्ययनबाट प्राप्त निष्कर्षलाई सीमित मात्रामा सामान्यिकरण गर्न सकिने छ।

## १.७ शव्दावलीको अर्थ र परिभाषा

| | |
|---|---|
| अभिभावक | : विद्यार्थीका संरक्षक/बुबा-आमा। |
| आमाभेला | : वालवालिकाहरूका आमाहरूलाई एक स्थानमा भेलागराई जनचेतना दिने भेला। |
| आवश्यक संख्या | : सबैलाई मान्य हुनेअनुरुपको संख्या। |
| घरदैलो कार्यक्रम | : अभिभावकहरूको घरदैलोमा गएर जनचेतना जगाउने काम। |
| पहुँच | : लक्ष्य प्राप्त गर्ने काम। |
| बालमैत्री विद्यालय | : प्रत्येक विद्यार्थीले आफूलाई भौतिक रूपमा सुरक्षित,संवेगात्मक रूपमा रमाइलो, मनोवैज्ञानिक रूपमा उच्च महसुस गराउने वातावरण भएको विद्यालय |
| बालमैत्री | : वालकले आफूले सुरक्षित र रमाइलो महसुस गर्ने वातावरण। |
| वालविकास केन्द्र | : प्राथमिक विद्यालय जाने उमेर समूहमुनिका वालवालिकाहरूले पढ्ने स्थान। |
| शैक्षिक वातावरण | : पढाइ लेखाइका लागि अनुकूल वातावरण। |
| सहयोगि कार्यकर्ता | : ECD मा जम्मा भएका वालवालिकालाई सहयोग र संरक्षण गर्ने व्यक्ति। |
| सामुदायिक विद्यालय | : नेपालसरकारबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय। |
| स्रोतव्यक्ति | : स्रोतकेन्द्रका प्रमुख व्यक्ति। |
| सेवाक्षेत्र | : विद्यालय तथा ECD ले सेवा पुऱ्याएको क्षेत्र। |

# परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन :

कुनै पनि विषयको अध्ययन अनुसन्धान गर्नुभन्दा अगाडि त्यस विषयमा गरिएका सम्बन्धित अध्ययन अनुसन्धान या साहित्यको खोजी गर्नु आवश्यक हुन्छ। विद्यालयमा वालमैत्री कक्षाको व्यवस्थापन शीर्षकमा गरिएको अनुसन्धानमा हालसम्म व्यक्ति वा संघसंस्थाले गरेका खोजको पुनः खोजी गरी समीक्षा गर्ने प्रयास गरिएको छ। पूर्वसाहित्यको समीक्षा गर्ने क्रममा विद्यालयमा बालमैत्री कक्षाको व्यवस्थापन शीर्षकमा र यसको कार्यान्वयन सम्बन्धमा सैद्धान्तिक कुराहरू के के छन् र समसामयिक कुरा के-के छन् भनी खोजी गर्ने प्रयास गरिएको छ।

शिक्षा आर्जन गर्नु बालबालिकाहरूको नैसर्गिक अधिकार हो र यो अधिकार सबै बालबालिकाले निर्वाधरूपमा उपयोग गर्न पाउनु पर्छ भन्ने विश्वव्यापी मान्यता रहेको छ। सबैका लागि शिक्षा, मानव अधिकारका लागि शिक्षा, सामाजिक न्यायका लागि शिक्षा, जस्ता नाराहरुले व्यापकता पाएको छ। भनिन्छ, 'शिक्षा कोक्रोबाट शुरु भएर चीतामा गएर अन्त हुन्छ'। सिकाई औपचारिक, अनौपचारिक तथा अतिरिक्त तवरले मृत्युपर्यन्त निरन्तर रुपमा चलिरहेको हुन्छ। यसलाई मुर्तरुप दिन मुलुकको शिक्षा प्रणालीले शिक्षाका राष्ट्रिय, तहगत तथा कक्षागत उद्देश्यहरू निर्धारण गरी औपचारिक रुपमा विभिन्न शिक्षण संस्थाहरु मार्फत शिक्ष प्रदान गर्दै आएका छन्।

तर यसरी औपचारिक रुपमा प्रदान गरिदै आएको शिक्षा प्रणाली, यसमा प्रयोगभएका शिक्षण विधि, शिक्षकहरुको बालबालिका प्रतिको व्यवहार तथा शिक्षण सिकाइको वातावरण आलोचना मुक्त भने हुन सकेको छैन। विद्यार्थीहरुको रुचि, क्षमता, योग्यता, तथा आवश्यकतालाई ध्यान दिई उपर्युक्त शिक्षण विधिबाट उपर्युक्त शैक्षिक वातावरणमा कुनै पनि किसिमको सजाय, भय, डर, त्रास, आदिबाट मुक्त राखी मायालु वातावरणमा शिक्षा दिन सकेमात्र प्रभावकारी सिकाइ हुन सक्छ। वालवालिकाहरुले अनपेक्षित व्यवहार प्रर्दशन गर्दा शारीरिक तथा मानसिक सजाय पाएको खण्डमा त्यसले उनीहरुको आनीबानी, क्रियाकलाप, सोचाई तथा व्यवहारको विकासमा बाधा ल्याउन सक्छ। तसर्थ विद्यालयहरुमा सजायरहित शिक्षण सिकाईका तरिकाहरु तथा सकारात्मक अनुशासन पद्धतिमा शिक्षकहरु अभ्यस्त हुनु आवश्यक छ। (प्रशिक्षक प्रशिक्षण निर्देशिका, शैक्षिक जनशक्ति विकास केन्द्र -२०६३)।

गिरी (२०६५), जंगलसहिया स्रोतकेन्द्र रौतहटको कक्षा१ को सिकाई उपलव्धी वृद्धिमा वाल विकास केन्द्रको भूमिका सम्बन्धमा ललितादेवी गिरीले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय

अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषयको उद्देश्य अनुरुप आवश्यकता परिपूर्तिका लागि विभिन्न सान्दर्भिक तथ्यहरूको अध्ययन गरी तयार गरिएको शोध हो । प्रस्तुत यो शोधको शोधसार अनुसार शिक्षा आधारभूत साथै मानिसको मौलिक अधिकारको रूपमा मात्र नलिएर यथार्थरूपमा शिक्षा प्राप्त गर्ने अवसरमा समानता तथा न्यायपूर्ण समताको प्रत्याभूतिलाई सुनिश्चित गरिनुपर्ने सवाललाई आत्मसात गरेको पाइयो ।

यसै मर्म अनुसार विश्व शिक्षा मञ्च सन् २००० को डकार सम्मेलनले तय गरेको सन् २०१५ सम्ममा सबैका लागि शिक्षा कार्यक्रमको उद्देश्य अनुरूप सबै बाल बालिकालाई गुणस्तरीय प्राथमिक शिक्षा उपलव्ध गराउने प्रतिबद्धता हाम्रो देश नेपालले पनि अंगिकार गरिसकेको तथ्यलाई शोधले समेटेको छ । हाल नेपालमा बाल विकास केनद्रहरू गाउँगाउँमा विभिन्न स्रोतकेन्द्र अन्तर्गत स्थापना भएर संचालनमा आएका छन् । यी बालबिकास केन्द्रहरूका सामु प्राथमिक तह गुणस्तरीय बनाउने चुनौतिलाई सामना गर्ने प्रभावकारी भूमिकाको अध्ययन गर्ने कार्य यस शोधपत्रमा प्रयन्त गरेको स्पष्ट हुन्छ । उक्त लेखको निचोड अनुसार सामान्य मानवीय तथा प्राविधिक गल्तिका अलावा ECD को भूमिकालाई कक्षा १ मा बालबालिकाको उपस्थितिमा नियमितता, बीचैमा कक्षा छाड्ने दर न्यूनिकरण, कक्षा १ मा खूद भर्नादर वृद्धि लगायत विद्यालयमा बालमैत्री वातावरण निर्माण गरी भयरहित शिक्षण सिकाई कार्य गराउन उत्प्रेरणा जगाउने जस्ता पक्षमा ECD को भूमिकालाई महत्वपूर्ण योगदानको रूपमा लिन सकिन्छ ।

वास्तवमा शारीरिक दण्ड दिने प्रथाको शुरुवात विश्वमा कहिले र कहाँबाट भयो भन्ने कुराको प्रमाण सहित दावी गर्न सक्ने अवस्था छैन । रोम, ग्रिस, इजिप्ट र इजरायलका शास्त्रीय सभ्यताहरुमा शारीरिक दण्डदिने प्रथा न्यायिक र शैक्षिक क्षेत्रमा रहेको थियो । मध्ययुग तिर युरोपमा विभिन्न चर्चहरुमा शारीरिक दण्ड दिने कुरा उत्प्रेरित रहेको थियो । सन् १७८३ मा दार्शनिक जोन लक को विचारबाट प्रभावित भएर पोल्याण्डका व्यवस्थापिका सभाका सभासदहरुले पोल्याण्डका विद्यालयहरुमा शारीरिक दण्ड निषेध गरेका थिए । सन् १९८० मा बेलायतमा आफ्नै विद्यालयका शिक्षकबाट रेगिनाल्ड चान्सलर मारिएपछि बेलायतका विद्यालयहरुमा शारीरिक दण्ड दिने कुरा निरन्तर आलोचित रहयो र बीसौं सताव्दीमा बेलायती विद्यालयहरुबाट शारीरिक दण्ड दिने क्रम लोप भएर गयो । (Source: WWW. christianity.com.retrived on 12 dec., 2008)

सेनेगलको डकार २६-२८ अप्रिल २००० मा अनुमोदित घोषणा अनुसार शिक्षालाई सहस्राव्दी विकासको मुख्य लक्ष्यको रूपमा संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरुले प्रतिबद्वता जनाएपछि सबैका लागि शिक्षा घोषणा गर्दै सन् २०१५ सम्ममा निःशुल्क तथा अनिवार्य गुणस्तरीय प्राथमिक शिक्षा सबै बालबालिका, विशेष गरी छात्रा, कठिन अवस्थाका वालवालिका तथा

अल्पसङ्ख्यक जातजातिका वालवालिकाहरुको पहुँचमा पुऱ्याउने सुनिश्चितका लागि सम्मेलनमा सहभागि राष्ट्रहरूद्वारा हस्ताक्षर गरिएको थियो । नेपाल पनि उक्त घोषणापत्रमा हस्ताक्षर गर्ने विश्व शिक्षा मञ्चको सदस्य राष्ट्रको रूपमा सबैका लागि शिक्षा को उद्देश्य निर्धारित समयमा प्राप्त गर्ने उद्देश्यले EFA लाई राष्ट्रिय प्राथमिकताको कार्यक्रम अन्तर्गत राखी नेपाल सरकारद्वारा मुख्य ६ वटा उद्देश्यका साथ सबैका लागि शिक्षा एउटा राष्ट्रिय कार्ययोजना (२००१-२०१५) तयार गरिएको छ ।

(बालमैत्री विद्यालय शिक्षक- प्रशिक्षण पुस्तिका २०६२) अनुसार बालमैत्री विद्यालय र कक्षाकोठा व्यवस्थापन शीर्षकमा कक्षाकोठामा विद्यार्थीहरु सिकाई क्रियाकलापमा संलग्न हुन्छन् भने शिक्षकहरुबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन हुनेहुँदा सिक्ने र सिकाउने प्रक्रियालाई सहज बनाउन कक्षाकोठाको वातावरण वालमैत्री र शिक्षकमैत्री हुनु जरुरी भएको उल्लेख गर्दै यसका लागि व्यवस्थापन पक्षले ठूलो भूमिका खेलेको हुन्छ भनी उल्लेख गरिएको छ । राम्रो व्यवस्थापनले शिक्षण सिकाई क्रियाकलाप सञ्चालनमा सहजता मात्र ल्याउने होइन कि समयको सदुपयोग पनि हुने हुनाले कक्षाकोठाभित्र विद्यार्थीलाई टिकाउनमा सहयोग पुऱ्याउने कुरा उल्लेख गर्दै रमाइलो वातावरणमा विद्यार्थीहरु लामो समयसम्म कक्षाकोठामा बस्नाले उनीहरुले त्यहाँ प्रत्यक्ष र अप्रत्यक्ष रूपबाट सिक्ने अवसर पाइरहेका हुन्छन्, भन्ने उल्लेख गर्दै कक्षाकोठाको वातावरण स्वागतयोग्य र सुरक्षित, आकर्षक र व्यवस्थित, सकारात्मक र सहयोगि, प्रोत्साहित र अभिप्रेरित हुनुका साथै परिवर्तनशील र धेरै रमाइलो हुनुपर्ने कुरामा जोड दिइएको छ ( शिक्षा विभाग, २०६२) ।

विद्यालयमा विद्यार्थीहरूले गल्ती गरेको देख्ने वित्तिकै शिक्षकले गाली गर्ने, रिसाउने, पिट्ने आदि कार्यले उनीहरुमा मानसिक तनाव पैदा हुन्छ जसको कारण उनीहरुमा व्यवहारजन्य समस्याहरु देखा पर्छन् । यसरी उत्पन्न हुने तनावबाट उनीहरूमा विभिन्न शारीरिक, मनोवैज्ञानिक तथा व्यवहारिक समस्याहरू पनि देखापर्छन् जसबाट उनीहरू शारीरिक तथा मानसिक रुपमा अस्वस्थ हुने लगायत कतिपयले आफूलाई रक्सी पिउने, धुम्रपान गर्ने, लागूपदार्थ खाने जस्ता कुलतमा फसाई उनीहरुको समग्र जीवननै नष्ट हुन सक्छ । यस्तो भयावह स्थिति सिर्जना हुन नदिन आज विद्यालयहरुमा भयमुक्त र बालमैत्री वातावरणमा शिक्षण सिकाइ गर्नु अति आवश्यक भएको तथ्यलाई उजागर गर्दै सम्पूर्ण शिक्षाकर्मिहरूको ध्यान यसतर्फ आकर्षित गर्ने यस कार्यपत्रको अभिप्राय रहेको छ । आज विद्यालयहरु हिंसामुक्त क्षेत्र बन्न सकेका छैनन् । भविष्यका होनाहार बालबालिकाहरुमा शारीरिक तथा मानसिक यातना, त्यहीं भित्र काम गर्ने शिक्षक, प्रधानाध्यापक तथा अन्य कर्मचारीहरुबाट बालबालिकाहरूले खेपिरहनु परेको छ । कतिपय विद्यालयहरुमा अध्ययनरत छात्राहरू यौन शोषण र हिंसाका सिकार भएका उदाहरणहरु विश्वका विभिन्न

मुलुकहरुमा देखिएका छन् । यस किसिमको परिस्थितिबाट हाम्रो देश नेपाल अछुतो रहेको छ भन्न सक्ने स्थिति छैन । तसर्थ यसको रोकथाम गरी बालमैत्री बातावणमा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न विद्यालयीय वातावरणलाई कसरी भयमूक्त बनाउने भन्ने सम्बन्धमा शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षा प्रशासक तथा सम्पूर्ण शिक्षाप्रेमिहरुलाई झकझकाउनु यस कार्यपत्रको अभिप्राया रहेको देखिन्छ (सेमिनार-पत्र, सुकुना बहुमुखि क्याम्पस प्राक्टिकम समूह २०६५)

बालअधिकार महासन्धी (१९८९) मा उल्लेख भए अनुसार बालबालिकाप्रतिको परम्परागत धारणा र दृष्टिकोणमा परिवर्तन आएको छ । महासन्धीले पहिलो आमाबाबु वा राज्यका सम्पत्ति मानिने बालबालिकालाई अधिकारवाला नागरिकका रूपमा स्थापित गरेको छ । महासन्धीमा बालअधिकारका रूपमा केही हकहरू स्पष्ट किटान गरिदिएको छ । यस्ता अधिकारहरूमा बाल सहभागिता मुख्य अधिकार हो । बालअधिकारका क्षेत्रमा कार्य गर्ने संस्था र बालबालिकाको प्रयासमा नेपालमा पनि बाल सहभागिताको प्रयासमा नेपाल पनि संस्थागत रूपमा व्यवस्थित हुन थालेको छ । बालअधिकार महासन्धी (१९८९) का अनुसार शारीरिक र मानसिक विकास बालबालिकाको पहिलो अधिकार हो । यस सन्धीले बालअधिकारका चार समूह उल्लेख गरेको छ ।

बालबालिकाको बाँच्न पाउने अधिकार, बालबालिकाको संरक्षणको अधिकार, बालबालिकाको विकासको अधिकार, बाल सहभागिताको अधिकार ।

बालअधिकार महासन्धीका सिद्धान्तहरू यसप्रकार रहेका छन् :

भेदभावरहित, बालबालिकाको सर्वोत्तम हित,दीर्घजीवन र विकास,बालबालिकाको विचार र भावनाको कदर ।

बिष्ट (२०६५) ले 'शिक्षक मासिक' पत्रिकामा प्रकाशित अवस्था अवधारणा र प्रयोग शीर्षकको लेखको निष्कर्ष अनुसार कक्षा व्यवस्थापनको मुख्य उद्देश्य भनेको कक्षालाई विद्यार्थीमैत्री तथा रमाइलो र सिकाई अनुकूल पार्नु हो । त्यस्तै विद्यार्थीको बसाई व्यवस्थापन, कक्षामा रहेको शैक्षिक सामग्रीको व्यवस्थापन र कक्षाको कार्यप्रणालीको व्यवस्थापन कक्षा व्यवस्थापनका आवश्यक तत्त्वहरू हुन् ।

थापा र अधिकारी (२०६८) ले पाठ्यक्रममा बालअधिकार सम्बन्धी सम्बोधन गरी पर्ने मुद्दालाई यसरी समावेश गरेका छन् । पाठ्यक्रमलाई हिल्डा टावाले भने झैँ व्यापक रूपमा सम्पूर्ण सिकाइको योजनाको रूपमा स्वीकार गर्ने हो भने निम्न मुद्दाहरूलाई पाठ्यक्रममा सम्बोधन गरिनु पर्छ :

बालश्रमको न्यूनीकरण गर्न सहयोगात्मक वातावरण तयार गर्नुपर्छ । बालश्रमिक बनी अध्ययन गर्न नपाएका बालबालिकाहरूलाई सकारात्मक विभेदीकरणको माध्यमद्वारा सहयोग पुऱ्याउनु पर्छ । बाल कामदार गरिबीको चमेटामा रहेका दिउँसो विद्यालय जान नसक्ने बालबालिकाहरूकालागि लचकदार समय र लचकदार पाठ्यक्रमको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्छ । स्व-अध्ययन सामग्रीको विकास गरी नियमित विद्यालयमा उपस्थित हुन नसक्ने बालबालिकाका लागि सिकाइमा सघनता ल्याउनु पर्छ । बालश्रम अपराध हो । यसलाई निरुत्साहित गर्नुपर्छ भन्ने सन्देश पाठ्यक्रमद्वारा समुदायमा पुऱ्याउनु पर्छ । विद्यालयको पाठ्यक्रम स्थानीय परिवेश अनुकूल हुनु पर्छ । जसबाट अभिभावकहरू आफ्ना छोराछोरी विद्यालय पठाउन आकर्षित होऊन् । बालअधिकार हनन गर्नु गैरकानुनी हो, यस्तो कार्य गरेमा वा गराएमा सजाय पाइन्छ भन्ने चेतनाको विकास गराउनुपर्छ ।

पोखरेल (२०६८) का अनुसार बालसंरक्षण भन्नाले बाल संरक्षणसँग सम्बन्धित पक्षको उत्तरदायित्व तथा उनीहरूको कार्यको बारेमा व्याख्या गर्दछ जसले बाल अधिकारलाई जोखिम पर्न तथा दुर्व्यवहार हुनबाट रोक्नुका साथै जोखिम तथा दुर्व्यवहारलाई अन्त्य गर्नु बुझाउँछ । यस अध्ययनले बालअधिकारको कार्यान्वयन कसरी गर्ने भन्ने सम्बन्धमा निम्न कुरा पाइयो ।
बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएर, बालबालिकाहरूलाई सहभागी गराएर, भेदभावरहित ढङ्गले, सकारात्मक परिणामदायी नतिजा प्राप्त गर्ने लक्ष्य लिएर,

बालअधिकारका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरूलाई निम्न अनुसार उल्लेख गरिएको छ :
बालअधिकार भनेको बालबालिकाको आधारभूत आवश्यकताका कुरा हुन् । बालअधिकार वयस्कका/अभिभावकका/ठूला मानिसहरूको उत्तरदायित्व हो । बालअधिकार सबैको सरोकारको विषय हो ।

पोखेल (२०६६) ले मोरङ जिल्लमा सञ्चालितबालमैत्री विद्यालयहरू अन्तर्गत 'बालमैत्री विद्यालयमा शिक्षण-सिकाई क्रियाकलापको अवस्था : एक अध्ययन' भन्ने शीर्षकमा शोधपत्र तयार पार्नुभएको छ । अध्ययनमा शोधकर्ताले बालमैत्री विद्यालयका लागि आवश्यक पर्ने पूर्वाधारहरू सधैं विद्यालयमा पर्याप्त मात्रामा सम्पन्न भएको नपाइएको यसले गर्दा उपयुक्त क्रियाकलापहरू सहज र सरल रूपमा सञ्चालन गर्न बाधा पुगेको उल्लेख गरिएको छ । सबै बालमैत्री विद्यालयमा सबै प्रकारका दण्डहरू पूर्ण रूपमा हट्न सकेका छैनन् र शिक्षकद्वारा विद्यार्थीलाई दिइने शारीरिक दण्ड हटेको पाइए तापनि विद्यालयमा अन्य मानसिक तथा मनोवैज्ञानिक दण्ड, साथीभाइ बीचको र घर परिवारबाट हुने दण्डहरू हट्न नसकेको तर विद्यालयमा हुने दण्डहरू घट्दो अवस्थामा रहेको

उल्लेख गरिएको छ। कक्षा व्यवस्थापनमा बालसुलभ बसाई व्यवस्था, क्रियाकलापजन्य कक्षा र बाल उपयोगि सामग्री सहितको भित्ते लेखनलाई मुख्य ठानिएको पाइयो भनी उल्लेख गर्दै केन्द्रीय, जिल्ला र विद्यालय तहका लागि तहगत रुपमा केही सुझाजहरू उल्लेख गरिएको छ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यो शोधकार्य सम्पन्न गर्न दार्शनिक तथा शिक्षाविदहरूको दर्शनले सहयोग पुऱ्याउने भएकोले केहि दार्शनिकहरूको सिद्धान्तलाई चर्चा गर्ने प्रयास गरिएको छ।

पाउलो फेरेका अनुसार : साक्षरता विकासका लागि नया दर्शन प्रतिपादन गर्ने दार्शनिक र महान् शिक्षाविद्का रूपमा चिनिन्छ। उनले साक्षरता सम्बन्धी REFLECT धारणा प्रतिपादन गरेका छन्। उनको यस धारणा अनुसार सामुहिक कार्य गरी साना-साना काममा विभाजन गर्ने र समस्याका बारेमा जनचेतना जगाउने काम गरिन्छ। फेरेका अनुसार समुदायका सबै तहमा जनचेतना जगाउन सहभागीहरूलाई साक्षर बनाउन प्रेरित गर्ने पाठ्यक्रम विज्ञहरूले पाठ्यक्रमका विषयवस्तुलाई निर्माण गर्नुभन्दा सिकारु आफैँले पाठको छनोट गर्ने र तल्लो तहको (असाक्षरहरूको) विकास भए मात्र सम्पूर्ण मानवको विकास सम्भव हुन्छ भन्ने कुरामा जोड दिएका छन्। फेरेका शिक्षण विधिका मुख्य सिद्धान्तहरू यसप्रकार रहेका छन् :

शिक्षा कहिल्यै तटस्थ छैन (तल्ला वर्गका मूल्य मान्यतालाई दबाइएकाले),सम्बन्धित (शिक्षा सिकारुका दैनिक जीवनका कार्यसँग सम्बन्धित हुन्छ) समस्या राख्ने (सिकारुमा समस्या दिएर सिकाउनु पर्दछ)। वादविवाद (सहभागीहरू बीचका विचार सुनेर ज्ञान, सीपको आदानप्रदान गर्ने)। चिन्तन र कार्य (कुनै पनि विषयमा चिन्तन गरी नराम्रा कुराहरू हटाउने, राम्रा कुराहरू चिन्तन गर्ने)। मुलभूत प्रसारण (प्रत्येक व्यक्तिलाई गुणस्तरीय जीवन, वातावरण, समुदाय, सम्पूर्ण समाजमा सामान्यीकरण गर्दै लग्ने)।

फेरेले शिक्षण विधि अपनाउदा निम्न चरणहरू उल्लेख गरेका छन् :

सर्वेक्षण (सिकारुका रुचि, आवश्यकता पत्ता लगाउन सर्वेक्षण गर्नुपर्ने)। सर्वेक्षण सामग्रीको विश्लेषण (सिकारुले दिएका सामग्रीको विश्लेषण गर्नुपर्ने)। समस्या राख्ने सामग्रीको तयारी ( तस्विरहरू, पोष्टरहरू, स्लाइडहरू, साना कथा, हाउभाउका नाटकहरू, खेलहरू, गीतहरू)। सिकारु समूह (सिकारु मानसिक रूपबाटै सक्षम भएर छलफलमा भाग लिन्छन्)।

फेरेले सर्वप्रथम सन् १९५० मा प्रौढ साक्षरता सम्बन्धी धारणा प्रकाशमा ल्याए। उनको चिन्तन तल्ला वर्गका प्रौढलाई शिक्षित बनाउनमा केन्द्रित थियो। साक्षर हुनका लागि सम्पूर्ण

समुदाय जुर्मुराउनु पर्ने, उठ्नु पर्ने र सचेत बन्नु पर्ने उनको धारणा थियो । उनको चिन्तन REFLECT को पूर्णरूप (Regenerating Frerian Literacy through Empowering Community Technique) हो । फेरेले आफ्नो साक्षरता सम्बन्धी धारणाको व्याख्या उनको प्रसिद्ध पुस्तक "Pedagogy of the Oppressed" मा उल्लेख गरेका छन् । Pedagogy को अर्थ शिक्षण विधि र Opressed को अर्थ अत्याचारमा परेका, सताइएका, पिरोलिएका, थिचिएका, दविएका र अन्यायमा परेका तल्लो वर्ग भन्ने जनाउँछ । अतः दविएका वर्गलाई शिक्षित बनाउन अपनाउने शिक्षण विधिलाई "Pedagogy of the Oppressed" भनिन्छ (शर्मा एन्ड शर्मा, २०६३) ।

फेरेका विचारमा साक्षरता सिकारुको सक्रियतामा हुनुपर्छ । सहभागीहरूको अनुभवका आधारमा सिकाइ क्रियाकलाप सञ्चालन गरिनुपर्छ । मानिसलाई समाजमा आफूलाई कठिनपूर्वक बाँच्न बाध्य बनाउने तत्त्वहरूका बारेमा बोल्ने, विरोध गर्ने संस्कार नै छैन । यस्तो मौनताको संस्कृतिको घेरा तोड्ने बारेमा मानिसको सोचाइ नै छैन । यसको मुख्य कारण निरक्षरताले हो । अतः मानिसलाई सामाजिक, आर्थिक, राजनीतिक रूपबाट भएको अत्याचार, शोषण, उत्पीडन र विरोधाभाषका बारेमा बुझ्ने बनाउनु सचेतीकरण भनिन्छ । सचेतीकरण ल्याउने प्रमुख कारण शिक्षा हो । साक्षरता विकासका दार्शनिक पाउले फेरेले उनको सिद्धान्तमा उल्लेख गरे अनुसार समाजमा रहेका अशिक्षित, शोषित वर्गलाई पाठ्यक्रमविद्ले निर्माण गरेका ज्ञान भन्दा सहभागीता दैनिक जीवनमा उपयोगी सीप उनीहरूलाई आफैँले छनोट गरी सिक्न दिनुपर्छ । सिकाइका लागि सिकारुद्वारा उत्पादित शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्नुपर्ने कुरा उल्लेख छ (भट्टराई र आचार्य, २०६५मा उद्धृत) ।

मास्लोका अनुसार : मानवहितका लागि जन्म लिएको वाद मानवतावाद हो । यसवादका मनोवैज्ञानिक मास्लो हुन् । मानवतावाद एउटा क्रान्तिकारी विचारधारा हो । मास्लोका सिकाइका आवश्यकताका सिद्धान्तहरू यसप्रकार छन् :

शारीरिक आवश्यकताहरू,सुरक्षासम्बन्धी आवश्यकताहरू,सहचार्य र प्रेमसम्बन्धी आवश्यकताहरू, सम्मान सम्बन्धी आवश्यकताहरू, आत्म यथार्थीकरण सम्बन्धी आवश्यकताहरू।

मास्लोले व्यक्तिका आवश्यकतालाई श्रृंखलाबद्धरूपमा ५ भागमा विभाजित गरेका छन् ।

मास्लोका अनुसार मानिसलाई स्वतन्त्र रूपमा उपरोक्त आवश्यकताहरू पूरा गराउँदा मानिसको आफ्नो क्षमताको प्रस्फुटन हुन्छ, मानवतावादको उपयोग हुन्छ र मानव अस्तित्वको रक्षा हुन्छ ।

मास्लोका अनुसार बालक नयाँ अनुभवहरूको खोजी गर्दै खुशीसाथ बढिरहेको हुन्छ त्यसकारण आमा, बाबु र शिक्षकले बालकको संरक्षण गर्नुपर्छ भनी सोच्नु हुँदैन । यसको सट्टा बालकले आफ्ना कुराहरू प्रस्फुटित गर्न सक्ने अवसर प्रदान गर्नुपर्छ । प्रत्येक विकशित बालक स्वयम् आफ्नो व्यवहारको निर्धारक हो । त्यसकारण आफ्ना व्यवहारको छनोटमा स्वतन्त्रता प्रदान गरिदिनुपर्छ । मास्लोका आत्म यथार्थीमा उल्लेख भएअनुसार सिकारु वास्तविकतालाई प्रभावकारी रूपबाट ग्रहण गर्ने र बुझ्ने गर्दछन् । समस्या केन्द्रित प्रदर्शन गर्दछन् । मानिसभित्र आत्म क्षमता हुन्छ, त्यस क्षमतालाई हस्तक्षेप नगरी स्वतन्त्र रूपबाट उसको चाहना अनुरूप विकास हुन दिनुपर्छ भन्ने मास्लोको मानवतावादी सिद्धान्तमा उल्लेख छ । मानिसका सबै आवश्यकताहरू पूरा गर्दै आत्म-यथार्थीकरण पूरा गराउँनु मानवतावादी मनोविज्ञानको लक्ष्य भने मानिसलाई सकारात्मक सम्बन्ध र सम्मानमा राख्नुपर्छ भन्ने यस मनोविज्ञानको जोड हो (शर्मा र शर्मा, २०६६ मा उदृत) ।

बालमनोवैज्ञानिक गिजुभाइका अनुसार प्राथमिक तहका बालबालिकाको उमेर भनेको खेल र मनोरञ्जन गरेर सिक्ने खालको हुन्छ । नेपालको शैक्षिक क्षेत्रमा सामुदायिक विद्यालय र संस्थागत विद्यालय दुवैमा बालमनोविज्ञान बुझेर अध्ययन नगराएको पाइन्छ । बालबालिकालाई उनीहरूको इच्छा विपरित जबर्जस्ती ज्ञानको बोझ थपेको पाइन्छ । यस्तो सिकाइ प्रणालीका बालमनोवैज्ञानिक गिजुभाइले दण्डमा आधारित शिक्षाको विरोध गर्दै बालमैत्रीपूर्ण वातावरणमा शिक्षण गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

यस दिवास्वप्नमा गिजुभाइले कक्षा चारका विद्यार्थीलाई १ वर्ष विद्यालय भन्दा छुट्टै वातावरण प्रदान गरी खेल र नाटक, गीत, कविता, कथा, भ्रमण विधिबाट अध्ययन गराएर बाल बालिकामा अन्तरनिहित क्षमताको विकास गरी रमाइलो वातावरणमा कक्षा सञ्चालन गराएका थिए । उनले जिल्ला शिक्षा अधिकारी र महानिर्देशकलाई समेत राखी आफ्नो शिक्षण विधि प्रभावकारी भएको र पाठ्यक्रममा समेत पुरानो शिक्षण विधिको सट्टा नयाँ र बालमनोविज्ञानमा आधारित शिक्षण विधिलाई अवलम्बन गरी शिक्षण क्रियाकलाप गर्नुपर्ने सन्देश दिएका छन् ।

डा.मारिया मन्टेसरी (१८७०-१९५२) का अनुसार शिक्षा भन्नु विकास हो । विकास वालवालिकाहरुको मनभित्रबाट आउनु पर्दछ । बालबालिकाको जन्मजात गुणहरुलाई पूर्णरूप दिनु नै शिक्षा हो । बालबालिकाहरू जन्मिएको बेला उनीहरूको आन्तरिक स्वरूप स्वतन्त्र वातावरणमा प्रस्फुटन हुन सक्छ । त्यसकारण बालबालिकाहरूका लागि स्वतन्त्रता अपरिहार्य हुन्छ । यसकारण मन्टेश्वरीको विचारमा स्वतन्त्रता बालबालिकाको भौतिक अधिकार हो र सोही वातावरणमा मात्र बालबालिकाहरु आत्मनिर्भर हुने कोशिस गर्दछन् ।

प्रत्येक व्यक्तिको आफ्नै विचारहरू हुन्छन् । जसको व्यक्तित्व एकअर्कासँग भिन्न हुन्छ । कक्षा शिक्षण वा सामूहिक शिक्षणबाट उसको व्यक्तित्वलाई लत्याउनु हुँदैन । उनीहरूको ईच्छा अनुसार स्वतन्त्रतापूर्वक विकास गर्ने मौका दिइएमा उनीहरूले आफ्ना अन्तरनिहित गुणहरू आफ्नै ढङ्गले प्रदर्शन गर्दछन् । त्यसकारण शिक्षकले प्रत्येक बालबालिकाहरूको सर्वपक्ष बारे अत्यन्त गम्भिरतापूर्वक अवलोकन गरी उनीहरूको नैसर्गिक गुणहरू स्वतन्त्रतापूर्वक विकास गर्न उपर्युक्त वातावरण तयार गर्नुपर्दछ । यदि शिक्षकले बालबालिकाको सिकाइलाई प्रभाव पार्नेगरी दबाब दिइएमा उनीहरूले सिक्न सक्दैनन् । स्वतन्त्र वातावरणमा बालबालिकाहरूको व्यक्तिवादी भावनाको विकास गर्नु मन्टेश्वरी शिक्षाको उद्देश्य हो । यसमा पाठ्यक्रम विषयकेन्द्रित नभई बालकेन्द्रित हुन्छ ।

## २.३ पुनरावलोकनको उपादेयता

प्रस्तुत शीर्षकको शोध अध्ययनका लागि प्रयोग गरिएका सैद्धान्तिक खाकाको रूपमा मन्टेश्वरीको स्वःशिक्षा तथा सम्बन्धित साहित्यहरूको पूनरावलोकनबाट विद्यालयलाई बालमैत्री बनाउन सहयोग पुग्ने कुरा निर्देशित हुनेछ । शिक्षाको पहुँचबाट टाढा रहेका बालबालिकाहरूलाई विद्यालयको दायराभित्र ल्याउन, उनीहरूलाई टिकाई राख्न र तोकिएको समयमा प्राथमिक तह पूरा गराउन थप सहयोग पुग्ने देखिन्छ । विद्यालयमा बालमैत्री वातावरण व्यवस्थापन रूचिपूर्ण हुने र शिक्षकले बालबालिकाहरू प्रति गर्ने व्यवहार सहभागितामूलक, सकारात्मक र मैत्रीपूर्ण हुन्छन् । राष्ट्रको समुचित विकासका लागि त्यस देशमा बसोबास गर्ने सम्पूर्ण बालबालिकाले बालमैत्री वातावरणमा शिक्षा पाउनु आजको आवश्यकता हो । बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गरी उनीहरूको सर्वाङ्गिण विकास गर्नको लागि विद्यालय बालमैत्री हुनुपर्दछ । बालमैत्री विद्यालयमा कक्षाकोठा स्वागतयोग्य र सुरक्षित हुने, आकर्षक र व्यवस्थित हुने साथै सकारात्मक र सहयोगी पनि हुन्छन् । जसले उनीहरूलाई प्रोत्साहित र अभिप्रेरित गर्ने हुनाले उनीहरूलाई आफ्नो अन्तरनिहित प्रतिभाको प्रस्फूटन गर्नमा धेरै रमाइलो वातावरण समेत महशूस भई आवश्यकता अनुसारको शिक्षा प्राप्त गर्न सहयोग पुग्ने हुनाले यो मास्लोको आवश्यकताको सिद्धान्तमा आधारित रहेको छ ।

डा.मारिया मन्टेश्वरीका अनुसार शिक्षा भनेको विकास हो । बालबालिकाहरूका लागि स्वतन्त्रता बालबालिकाको भौतिक अधिकार हो । स्वतन्त्र वातावरणमा मात्र बालबालिकाहरू आत्मनिर्भर हुने कोशिष गर्दछन् । उनीहरुको इच्छा अनुसार स्वतन्त्रतापूर्वक विकास गर्ने मौका दिएमा उनीहरूले आफ्ना अन्तरनिहीत गुणहरूलाई आफ्नै ढङ्गले प्रदर्शन गर्दछन् भन्ने सिद्धान्त

बालमैत्री विद्यालयमा बालमैत्री वातावरण व्यवस्थापनको अध्ययन कार्यका लागि मार्ग निर्देशक सिद्धान्तको रूपमा रहेको छ । उनको यस मान्यतालाई बालमैत्री विद्यालयसँग गाँसी अध्ययन गर्न सकिन्छ ।

सबैका लागि शिक्षाको सन्दर्भमा शिक्षामा पहुँच नपुगेका बालबालिकाहरूलाई बालमैत्री विद्यालयको अवधारणा नल्याएसम्म सन् २०१५ सम्ममा निःशुल्क अनिवार्य प्राथमिक शिक्षा बालबालिकाहरूको पहुँचमा पुऱ्याउने लक्ष्य सफल हुन सक्तैन । प्रस्तुत शीर्षकमा गरिएको यस शोध अनुसन्धानले अधिराज्यभरका विद्यालयहरूमा बालमैत्री वातावरण व्यवस्थापन विषयमा अध्ययन अनुसन्धान गर्नका लागि आवश्यक सहयोग पुग्ने विश्वास गरिएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धान कार्यमा प्राप्त गरिने सूचना तथा जानकारीहरुको विश्लेषण गर्नका लागि परिमाणात्मक तथा गुणात्मक ढाँचाको प्रयोग गरिएको छ । तथ्याङ्कलाई विश्लेषण गर्नका लागि विभिन्न तालिका, चित्र, प्रतिशत आदिमा प्रस्तुत गरिएको छ । यसका साथै अध्ययन क्षेत्रका सम्बन्धित सरोकारवालाहरूको अन्तरक्रिया, छलफल र भराईएका प्रश्नावलीबाट प्राप्त तथ्याङ्क, सूचनाहरूलाई गुणात्मक पक्षबाट विश्लेषण तथा व्याख्या गरिएको छ ।

## ३.२ जनसंख्या

यो शोध अध्ययनका लागि सुनसरी जिल्लामा सञ्चालित सम्पूर्ण वालमैत्री विद्यालयहरू जनसंख्याको रुपमा लिइएको छ ।

## ३.३ नमूनाको आकार

यो शोध अध्ययनका लागि सुनसरी जिल्लामा सञ्चालित सम्पूर्ण बालमैत्री विद्यालयहरू मध्ये धरान नगरपालिका अन्तर्गत रहेका ५ वटा बालमैत्री विद्यालयहरू छनौट गरिएको छ ।

उक्त नमूना विद्यालयहरूसँग सम्बन्धित प्र.अ.५ जना, शिक्षक ५ जना, विद्यार्थी १० जना, उनीहरूका अभिभावक ५ जना र स्रोतव्यक्ति १, वि.नी.१ र प्रशिक्षक १ जना गरी जम्मा २८ जनालाई अध्ययनमा नमूनाको आकारको रुपमा प्रस्तुत गरिएको छ । जुन अनुसूची - १ मा उल्लेख गरिएको छ ।

## ३.४ नमूना छनौटका आधार

नमूनाको रूपमा ५ वटा विद्यालय र त्यस अन्तर्गत रहेका शिक्षक, अभिभावक र विद्यार्थीहरूमा उद्देश्यपूर्ण नमूना छनौट गर्दा अध्ययनका उद्देश्यपूर्ण तथ्याङ्क प्राप्त हुनेगरी अवलोकन गर्नुका साथै नमूना छनौटमा लिएका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावकहरू तथा स्रोतव्यक्तिसँग प्रश्नावली मार्फत र अध्ययन क्षेत्रको सरोकारवालाहरू बीच सामूहिक छलफल, अन्तरवार्ता र अन्तरक्रिया गरी आवश्यक तथ्य एवम् जानकारी हासिल गरिएको छ । विद्यालयका रेकर्डहरू हेरी विद्यार्थीहरूको विवरण तयार गरिएको छ । यस शोध अध्ययनलाई पूर्णता प्रदानगर्न समय स्रोत र साधनलाई प्रमुख आधार बनाएर भौगोलिक, जातीय, लिङ्गिय आधार लिएर नमुनाको रूपमा उल्लेखित आकार निर्धारण गरिएको ।

## ३.५ नमुना छनौट प्रक्रिया

माथि उल्लेख गरिएका जनसंख्याहरूबाट विद्यालयमा अध्ययनरत विद्यार्थी तिनीहरूका अभिभावक, प्र.अ., शिक्षक, स्रोतव्यक्ति र वि.नि. छनौट गर्दा उद्देश्यमूलक छनौट विधि र यादृच्छिक नमूना छनौट विधिको प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलनका साधनहरू

यस शोधपत्र अध्ययनका लागि निम्न अनुसारका साधनहरूको प्रयोग गरिएको छ ।

### ३.६.१ सर्वेक्षण फाराम

नमूना छनौटमा परेका विद्यालयहरूमा उपलव्ध तथ्याङ्कका आधारमा दलित र जनजाति बालबालिकाहरूले बीचैमा कक्षा छाड्ने अवस्था साथै सम्पूर्ण विद्यार्थीहरूको शैक्षिक तथ्याङ्क लिनको लागी प्र.अ.र शिक्षकलाई सर्वेक्षण फारम भराइएको छ ।

जसको अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

### ३.६.२ लक्षित समूह छलफल

नमूना छनौटमा परेका विद्यालयका शिक्षक, प्र.अ., विद्यार्थी र अभिभावकहरूसँग विद्यालयमा वालमैत्री कक्षाको व्यवस्थापन सम्बन्धमा सामूहिक रूपमा छलफल गरिएको छ । छलफलका विषयहरू अनुसूची-२ मा प्रस्तुत गरिएको छ ।

### ३.६.३ प्रश्नावली

नमुना छनौटमा परेका विद्यालयका शिक्षक, प्र.अ., विद्यार्थी, अभिभावकहरू वि.नि.र स्रोतव्यक्तिलाई भराइएको प्रश्नावलीका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ । जसको नमुना अनुसूची-४,५,६,७ मा प्रस्तुत गरिएको छ ।

### ३.६.४ अन्तरवार्ता

प्रारम्भिक तथ्याङ्क सङ्कलन गर्ने क्रममा नमूना छनौटमा परेका स्रोत व्यक्ति, विद्यालयका प्र.अ., अभिभावक र विद्यार्थीसँग अन्तरवार्ता लिइएको छ । यसको नमूना विवरण अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ३.७ साधनहरूको वैधता

यस अध्ययनको प्रमुख तथ्याङ्कका साधनहरूमा छलफल, प्रश्नावली, सर्वेक्षण फारम र अन्तरवार्ता लिइएको छ । यसलाई विश्वसनीय र भरपर्दो बनाउनका लागि आन्तरिक शोधनिर्देशकको मातहतमा रही सुरूदेखि अन्तिमसम्म सम्पूर्ण काम पूरा गरी अनुसन्धान कार्यलाई यस शोधपत्रमा वैधता प्रदान गरिएको छ ।

## ३.८ तथ्याङ्कका स्रोतहरू

यस अध्ययन कार्यलाई सम्पन्न गर्नका लागि आवश्यक पर्ने तथ्याङ्कहरु निम्नानुसारका प्राथमिक तथा सहायक (द्वितीय) स्रोतहरूको उपयोग गरी संकलन गरिएको छ ।

### ३.८.१ प्राथमिक स्रोतहरू

यस अध्ययनका लागि नमूना छनौटमा परेका विद्यालयका प्र.अ.सँग अन्तरवार्ता, विषय शिक्षकसँग अन्तरवार्ता, विद्यार्थीसँग अन्तरवार्ता, प्रश्नावली, सर्वेक्षण फारम र लक्षित समूह छलफललाई तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतको रूपमा लिइएको छ ।

### ३.८.२ सहायक (द्वितीय) स्रोतहरू

तथ्याङ्क सङ्कलनको द्वितीय स्रोतका रूपमा नमूना छनौटमा परेका विद्यालयहरूका अभिलेखहरू, हाजिरी खाता, परीक्षाफल, भर्ना पुस्तिका तथा जि.शि.का र स्रोतकेन्द्रका शैक्षिक अभिलेख आदि रहेका छन् ।

## ३.९ तथ्याङ्क सङ्कलन विधि

यो शोधकार्यलाई उद्देश्यमूलक बनाउन निर्धारण गरिएका उद्देश्यहरूका आधारमा तथ्याङ्क सङ्कलनका लागि शोधकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई वास्तविक यथार्थ अवलोकन गर्नुका साथै नमूना छनौट गरिएका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थीहरू, अभिभावकहरू तथा स्रोतव्यक्तिसँग प्रश्नावली, सामूहिक छलफल, अन्तरवार्ता र सर्वेक्षण फाराम समेत भराई प्राथमिक तथ्याङ्क हासिल गरिएको छ । द्वितीय स्रोतको रूपमा विद्यालयबाट प्राप्त रेकर्डका आधारमा तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

## ३.१० तथ्याङ्क विश्लेषण विधि

शोधअध्ययनका लागि सङ्कलन गरिएका तथ्याङ्कहरूलाई आवश्यकता अनुसारको तालिकामा राखी संख्या, प्रतिशत र ग्राफमा प्रस्तुत गरी परिमाणात्मक र गुणात्मक ढङ्गले विश्लेषण गरिएको छ ।

# परिच्छेद चारः तथ्याङ्कको ब्याख्या र विश्लेषण

कुनै पनि अध्ययन अनुसन्धान कार्यको प्राथमिक र द्वितिय स्रोतहरूबाट प्राप्त सूचनाहरूको संकलन गरिसकेपछि ती सूचनाहरूको विश्लेषण तथा विवेचना गर्नुपर्छ। अनुसन्धानको उद्देश्य प्राप्त गर्न तथ्याङ्कहरूलाई स्तरिकरण, क्रम हेरफेर, निर्धारण र संक्षेपमा प्रस्तुत गर्नु नै विश्लेषण हो। यो अनुसन्धान गुणात्मक प्रकृतिको भएकोले प्राप्त तथ्याङ्कहरूलाई तालिका, प्रतिशत र ग्राफमा ब्याख्या विश्लेषण गरी अध्ययनलाई अघि बढाइएको छ।

तथ्याङ्क सङ्कलनका स्रोतमा प्राथमिक र द्वितिय स्रोतलाई उपयोगमा ल्याइएको छ। प्राथमिक स्रोतमा नमुना छनौटमा परेका प्र.अ., शिक्षक, विद्यार्थीहरूसँग अन्तरवार्ता, लक्षित समूह छलफल, प्रश्नावली, सर्वेक्षण फारम गरी अध्ययनस्थलमा अनुसन्धानकर्ता आफै गएर सत्य तथ्य जानकारी लिने प्रयास गरेको छ। त्यसै गरी द्वितिय स्रोतमा दस्तावेज अध्ययनबाट विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन सम्बन्धी के कस्तो अवस्था रहेको छ भनी अध्ययन गरिएको छ।

यस अध्ययनलाई सही निष्कर्षमा पुऱ्याउन शैक्षिक लेख तथा शिक्षासँग सम्बन्धित ऐन, नियम तथा प्रतिवेदनहरूको पनि सहयोग लिइएको छ। शोध अध्ययनको उद्देश्य अनुसार अनुसन्धानका साधनहरूको निर्माण गरी सो साधनबाट प्राप्त सूचनाहरूलाई उद्देश्यसँग केन्द्रित तथ्याङ्क तथा सूचनाहरूको विश्लेषण गरी अध्ययनको उद्देश्यलाई छोटकरीमा निकालिएको छ।

नेपालका विद्यालयहरूमा सञ्चालित बालमैत्री विद्यालयको वर्तमान अवस्थालाई हेर्दा कक्षा व्यवस्थापनका बारेमा सैद्धान्तिक स्पष्टता छैन। जसले गर्दा यसको कार्यान्वयनमा समस्या देखिन्छ। विद्यालयहरूमा के-कस्ता सम्भाव्यताहरू रहेका छन् र के कस्ता थप सहायताको आवश्यकता छ, सोको लेखाजोखा गर्नुपर्ने देखिन्छ। बालमैत्री कक्षा व्यवस्थापनको खोजी, तयारी र सञ्चालनमा अझै कमी छ। बालमैत्री शैक्षिक सामग्रीहरूको सङ्कलन, निर्माण र प्रयोगमा पनि कमि छ। निरन्तर विद्यार्थी मूल्याङ्कन पद्दतिको वास्तविक प्रयोग हुन सकेको छैन। शिक्षकहरू शिक्षणप्रति उत्सुक र जागरुक छन्, विद्यार्थीहरू पनि सहयोगि र सिर्जनात्मक बन्दै गएका छन्, अभिभावक समुदाय र अन्य सरोकारवालाहरूलाई जागरुक अवस्थामा ल्याउन अझै बाँकी देखिन्छ।

## ४.१ विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन प्रक्रिया

विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापनको अवस्था, बालमैत्री विद्यालयका शिक्षकका बालमैत्री व्यवहार, बालमैत्री विद्यालयका समस्या र ती समस्याहरू समाधान गर्न के कस्ता उपायहरू अपनाउन सकिन्छ भन्ने प्रश्नहरूको सम्बन्धमा नमुना छनौटमा परेका विद्यालयहरूका प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष तथा अभिभावकसँग छलफल, अन्तर्क्रिया, प्रश्नावली, अन्तर्वार्ता आदिका

माध्यमबाट विचार तथा धारणाहरूका आधारमा शोधपत्र शीर्षक सम्बन्धी समस्याहरूको समाधान गर्ने सूचना तथा जानकारीहरू प्राप्त भएका छन् । माथि उल्लेखित धारणा तथा जानकारीहरूलाई तलको तालिका तथा वार ग्राफमा प्रस्तुत गरिएको छ ।

तालिका १, कक्षा व्यवस्थापन सम्बन्धी धारणा तालिका

| क्र.सं. | व्यवस्थापनका पक्ष | उत्तरदाताको संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | सकारात्मक र सहयोगी | १६ | १०० % |
| २ | स्वागतयोग्य र सुरक्षित | १६ | १०० % |
| ३ | परिवर्तनशील र रमाइलो | १६ | १०० % |
| ४ | आकर्षक र व्यवस्थित | १६ | १०० % |
| ५ | प्रोत्साहित र अभिप्रेरित | १६ | १०० % |
| | जम्मा- | १६ जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०७०

नमूना छनौटमा परेका विद्यालयहरूका प्र.अ., शिक्षक, वि.व्य.स.अध्यक्ष तथा अभिभावकहरू सबैले प्रश्नमा दिएका विकल्पहरूमा सहमति जनाइएको पाइयो । त्यसकारणले भन्न सकिन्छ, सकारात्मक र सहयोगी, स्वागतयोग्य र सुरक्षित, परिवर्तनशील र रमाइलो, आकर्षक र व्यवस्थित वातावरण बालमैत्री कक्षाकोठा व्यवस्थापनका पक्षहरू हुन् ।

डा.मारिया मन्टेश्वरीले प्रारम्भिक बाल तथा शिशु कक्षालाई बालगृहको रूपमा लिएकी छन् । साथै उनले स्वतन्त्र, स्वच्छन्द र रमाइलो वातावरणमा बालकले आ-आफ्नो रूचि, क्षमता, चाहना अनुसार स्व-क्रियाकलाप गरी नयाँ कुरा सिक्ने गर्दछन् भन्ने कुरामा प्राथमिकता दिएकी छन् । नमूना छनौटमा परेका व्यक्तिहरूबाट बालमैत्री कक्षा व्यवस्थापनका विषयमा सत् प्रतिहशत सहमति जनाउनुलाई विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन हुने कुरामा विश्वासिलो आधार प्राप्त गर्न सकिन्छ ।

### ४.१.१ बालमैत्री कक्षा संञ्चालन क्रियाकलाप

शोधकार्य सम्पन्न गर्न यससँग सम्बन्धित हुने गरी विद्यालयमा के, कस्ता र कसरी क्रियाकलाप सञ्चालन गरिन्छन् ? भन्ने प्रश्न नमूना छनौटमा परेका व्यक्तिहरूसँग प्रश्नावली प्रस्तुत गरिएको थियो र यस प्रश्नावलीका बारेमा निम्नलिखित धारणा प्राप्त भयो ।

तालिका २, बालमैत्री विद्यालयमा संञ्चालन गरिने कक्षा क्रियाकला तालिका

| क्र.सं. | कक्षा क्रियाकलापहरू | उत्तरदाताको संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | बालगीत, कथा, कविताको प्रयोग | १६ | १०० % |
| २ | अभिनय, नाटकीकरण | १६ | १०० % |
| ३ | खेलको माध्यमबाट शिक्षण | ८ | ५०% |
| ४ | पजलहरूको प्रयोग | १२ | ७५ % |
| ५ | क्षेत्र भ्रमण | ९ | ५६.२५% |
| ६ | परियोजना कार्य | ८ | ५०% |
|  | जम्मा- | १६ जना |  |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०७०

माथिको तालिका अनुसार जम्मा १६ जनालाई गरिएको प्रश्नावलीमा वालगीत, कथा, कविताको प्रयोग र खेलको माध्यमबाट शिक्षण भन्ने शीर्षकमा १०० % उत्तरदाताले सोहि अनुसार शिक्षण क्रियाकलाप गरी कक्षा सञ्चालन गर्नुपर्छ भन्ने पाइयो , त्यसरी नै अभिनय, नाटकीयमा ७५%, पजलको प्रयोगमा ५०%, क्षेत्र भ्रमणमा ५०% र परियोजना कार्यमा ५६.२५% कक्षा क्रियाकलाप गरेको पाइयो ।

फ्रेडरिक फ्रोबेलका अनुसार शिक्षा आर्जन गरी ज्ञान, सिप धारणामा अभिवृद्धि गर्नु भन्नु नै आत्म क्रियाकलाप हो । विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापनमा पजलको प्रयोग, क्षेत्रभ्रमण, परियोजना कार्यमा त्यति जोड नदिएको पाइयो ।

## ४.२ शिक्षकहरूको बालमैत्री व्यवहार

बालमैत्री कक्षा सञ्चालनमा शिक्षक तथा सरोकारवालाहरूका बालमैत्री व्यवहारहरू कस्ता हुन्छन् र हुनुपर्छ भन्ने सन्दर्भमा नमूना छनौटमा परेका विद्यालयका प्र.अ.तथा शिक्षकहरूसँगको व्यवहार यस प्रकार रहेको पाइयो ।

### ४.२.१ शिक्षकहरूको बालमैत्री व्यवहारको पहिचान :

शिक्षकका बालमैत्री व्यवहारहरू कस्तो हुनुपर्छ र शिक्षण सिकाइ क्रियाकलापमा कुन शिक्षण विधि अपनाउनाले बालचाहना अनुसार सिकाइ हुन्छ भन्ने सवालमा प्र.अ.तथा शिक्षकहरूलाई जम्मा नौवटा बालमैत्री व्यवहारहरू प्रस्तुत गरिएको थियो, जसको उत्तरदाताहरूको संख्या र प्रतिशत तालिका नं.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३, शिक्षकका बालमैत्री व्यवहार सम्बन्धी तालिका

| क्र.सं. | शिक्षकका बालमैत्री व्यवहारहरू | प्र.अ. /शिक्षक संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | विद्यार्थीमा आत्मबल बढ्ने खालका शिक्षण विधिको प्रयोग गर्छन् । | १६ | १००% |
| २ | विद्यार्थी-विद्यार्थीबीच हेला, भेदभाव र दुर्व्यवहार नहुने वातावरणको सुनिश्चितता गर्ने । | १४ | ८७.५ % |
| ३ | विद्यार्थीलाई भौतिक/शारीरिक तथा मानसिक सजाय दिंदैनन् । | १५ | ९३.७५% |
| ४ | शिक्षक निर्देशक तथा पथ प्रदर्शक हुने | १६ | १०० % |
| ५ | विद्यार्थीको चाहना र क्षमता अनुसार सिकाउने | १६ | १००% |
| ६ | शिक्षक सक्रिय हुने | ६ | ३७.५% |
| ७ | विद्यार्थीलाई सधैं सक्रिय बनाई राख्ने | १६ | १००% |
| ८ | कक्षामा ढिलो र चाँडो सिक्ने विद्यार्थीलाई ध्यानमा राखी शिक्षण क्रियाकलाप गर्ने । | १६ | १०० % |
| ९ | सबै विद्यार्थीलाई विनाभेदभाव समान अवसर प्रदान गर्ने | १६ | १००% |
| | जम्मा- | १६ जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०७०

### ४.२.२ शिक्षकहरूको बालमैत्री व्यवहारको विश्लेषण एवम् विवेचना :

विद्यालयमा शिक्षकको व्यवहार विद्यार्थीलाई संधै सक्रिय बनाई राख्ने, शिक्षक आफूले निर्देशन तथा पथ प्रदर्शकको भूमिका निर्वाह गर्ने, विद्यार्थीहरूको चाहना र क्षमता अनुसार सिकाउने, विद्याथीको आत्मबल बढ्ने खालका शिक्षण  विधिको प्रयोग गर्नु पर्दछ । कक्षामा ढिलो र चाँडो

सिक्ने विद्यार्थीलाई ध्यानमा राखि शिक्षण क्रियाकलाप गर्ने गरेको पाइयो । सबै विद्यार्थीलाई बिनाभेदभाव समान व्यवहार गर्नुपर्दछ भन्नेमा १००% उत्तरदाताहरू रहेको देखियो भने शिक्षक सक्रिय रहनेमा ३७.५% , विद्यार्थी-विद्यार्थी बीच हेंला, भेदभाव र दुर्व्यवहार नहुने वातावरणको सु-निश्चितता दिने भूमिकामा उत्तरदाता ८७.५% रहेको पाइयो । त्यसैगरी शिक्षकले विद्यार्थीलाई भौतिक, शारीरिक तथा मानसिक सजाय दिदैनन् भन्ने भूमिकामा ९३.७५% रहेको पाइयो । माथिको अध्ययनको विस्लेषणका आधारमा बालमैत्री विद्यालयमा शिक्षकले विद्यार्थीलाई सक्रिय बनाई राख्ने तथा आफू निर्देशक एवम् पथ प्रदर्शकका रूपमा भूमिका निर्वाह हुनु पर्छ भन्ने तथ्य प्रस्तुत हुन्छ ।

फ्रोबेलका अनुसार बालबालिकाहरूमा अन्तरनिहित र नैसर्गिक मानवीय गुणको स्वच्छन्द विकास गर्नु शिक्षाको मुख्य उद्देश्य हो भन्ने कुरामा जोड दिएको हुँदा विद्यालयमा विद्यार्थीहरूमाथि शिक्षकबाट भौतिक, शारीरिक तथा मानसिक सजाय केहि हदसम्म हटेको पाइयो । त्यसकारा विद्यालयहरूमा शिक्षकहरूको बालमैत्री व्यवहार क्रमशः सुधार हुँदै गएको पाइन्छ ।

## ४.३ विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापनका चुनौतीहरू

विद्यालयलाई बालमैत्री बनाउन सहज र सजिलो छैन । यस प्रक्रियामा विभिन्न प्रकारका कठिनाई तथा समस्याहरु आइपरेका हुन सक्छन् । यस्ता समस्याहरुमा आर्थिक, भौतिक मानवीय आदि पर्न सक्छन् ।

विद्यालयलाई बालमैत्री बनाउने अवस्थामा आइपर्ने समस्याहरु के कस्ता छन् भन्ने तथ्य पत्ता लगाउन नमूना छनौटमा परेका विद्यालयका प्र.अ.तथा शिक्षकसँग विद्यालयलाई बालमैत्री बनाउन आइपरेका समस्याहरू के-के छन्? भन्ने प्रश्न सोधिएको थियो । यस्ता समस्या सम्बन्धी प्रश्नमा उत्तरदाताहरुबाट आएका उत्तरहरुलाई तालिका प्रतिशत र स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

तालिका ४, विद्यालयका समस्या सम्बन्धी तालिका

| क्र.सं. | समस्याहरू | उत्तरदाताको संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | विद्यालयको कमजोर आर्थिक अवस्था | १२ | ८०% |
| २ | भौतिक व्यवस्थापनमा कठिनाई | १६ | १०० % |
| ३ | अभिभावकमा चेतनाको कमी | १४ | ८७.५% |
| ४ | नियमित पृष्ठपोषणको अभाव | ११ | ६८.७५% |
| ५ | सबै शिक्षकलाई तालिम नहुनु | १६ | १००% |
| ६ | माथिल्लो कक्षामा बालमैत्री कक्षा नहुनु | १६ | १००% |
| | जम्मा- | १६ जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०७०

माथिको तालिका अनुसार भौतिक व्यवस्थापनमा कठिनाई, सबै शिक्षकलाई तालिम नहुनु, माथिल्लो कक्षामा बालमैत्री कक्षा नहुनु जस्ता समस्याहरुमा १०० % उत्तरदाताहरु सहमत भएको पाइयो । अभिभावकमा चेतनाको कमीमा ८७.५% विद्यालयमा कमजोर आर्थिक अवस्थामा ८० % र नियमित पृष्ठपोषणको अभावमा ६८.७५% उत्तरदाताहरु पाइयो ।

वास्तविक बालमैत्री धारणा अनुसार विद्यालय आर्थिक रुपले सम्पन्न, भौतिक व्यवस्थापन राम्रो, चेतनशील अभिभावक, नियमित पृष्ठपोषण, तालिम प्राप्त शिक्षक र माथिल्लो कक्षा पनि बालमैत्री हुनुपर्ने कुरामा दुईमत हुन सक्दैन, तर माथि उल्लेखित पक्षहरू पूरा हुन नसकेको अवस्था देखिन्छ । यस्ता पक्षहरूलाई सम्बन्धित निकायले सुधार गरी विद्यालयको अवस्था बालमैत्री बनाउन पहल गर्नुपर्ने देखिन्छ ।

### ४.३.१ विद्यालयमा विद्यार्थीका समस्या

विद्यालयमा बालमैत्री क्रियाकलाप सञ्चालन गर्न, बालमैत्री शिक्षण सिकाई प्रक्रिया अवलम्वन गर्न, विद्यार्थीहरूलाई विद्यालयमा आइपरेका समस्या पहिचान तथा समस्या समाधान गर्नका लागि विद्यालय सु-सञ्चालन गर्ने क्रममा देखापरेका समस्याका बारेमा नमूना छनौटमा परेका विद्यालयका विद्यार्थीहरूलाई विद्यालयमा के कस्ता समस्याहरू छन् ? भन्ने धारणा तथा राय लिंदा निम्नानुसार उत्तर पाइयो ।

तालिका ५, विद्यालयमा विद्यार्थीका समस्या सम्बन्धी तालिका

| क्र.सं. | समस्याहरू | उत्तरदाताको संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | शैक्षिक सामग्रीहरु थोरै छन् | १० | १००% |
| २ | विद्यालयमा अभिभावक आउनुहुन्न | ८ | ८० % |
| ३ | कक्षामा बस्नेठाउँ अप्ठ्यारो छ | २ | २०% |
| ४ | विद्यालयमा पैसाको अभाव छ | १० | १००% |
| ५ | सबै शिक्षकले राम्ररी पढाउनु हुन्न | ४ | ४०% |
| ६ | शिक्षकले ध्यान दिएर पढाउनु हुन्न | २ | २०% |
| ७ | विद्यालयमा खाजाको व्यवस्था छैन | १० | १०० % |
| ८ | कक्षाकोठा फोहोर छ | ७ | ७०% |
| | जम्मा- | १० जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०७०

विद्यालयका मुख्य समस्याहरूमा शैक्षिक सामग्रीहरु थोरै छन्, विद्यालयमा पैसाको अभाव छ । विद्यालयमा खाजाको व्यवस्था छैन भन्ने समस्यामा सत् प्रतिशत १०० %, उत्तरदाता विद्यार्थीले सहमति जनाइएको पाइयो । कक्षामा बस्ने ठाउँ अप्ठ्यारो छ भन्नेमा २०%, सबै शिक्षकले राम्ररी पढाउनु हुन्न भन्नेमा ४०%, शिक्षकले ध्यान दिएर पढाउनु हुन्नमा २०%, विद्यालयमा अभिभावक आउनु हुन्नमा ८०% र कक्षाकोठामा फोहोर छ भन्नेमा ७०% उत्तर दिएको पाइयो ।

माथिको तथ्यका आधारमा विद्यालयलाई बालमैत्री बनाउन आवश्यक पर्ने सम्पूर्ण पूर्वाधारहरू पर्याप्त नभएकोले सम्बन्धित निकाय र सरोकारवालाहरूले तत्सम्बन्धी पहल र पहुँच बढाई समस्या समाधानतिर लाग्नुपर्ने देखिन्छ ।

## ४.३.२ विद्यालयमा सञ्चालन गरिने शैक्षिक क्रियाकलाप

प्रत्येक विद्यालयले आफ्नो क्षमताले भ्याएसम्म वर्षभरिमा विभिन्न प्रकारका शैक्षिक क्रियाकलाप सञ्चालन गरेको पाइन्छ । नमूना छनौटमा परेका विद्यालयका प्र.अ.तथा शिक्षकहरूसँग यस सम्बन्धमा प्रतिक्रिया माग्दा निम्नानुसारको शैक्षिक क्रियाकलाप गरेको पाइयो ।

तालिका ६, बालमैत्री विद्यालयमा सञ्चालित शैक्षिक क्रियाकलाप

| क्र.सं. | शैक्षिक क्रियाकलापहरू | उत्तरदाताको संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | वर्षभरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप | १६ | १००% |
| २ | योजनाबद्ध शिक्षण | १४ | ८७.५ % |
| ३ | निरन्तर विद्यार्थी मूल्यांकन | १६ | १००% |
| ४ | गरिब तथा जेहेन्दार छात्रवृत्ति | १२ | ८०% |
| ५ | दलित तथा  पिछडिएकाको लागि छात्रवृत्ति | ८ | ५०% |
| ६ | शैक्षिक भ्रमण कार्यक्रम | १० | ६२.५% |
| | जम्मा- | १६ जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०७०

माथिको तालिका अनुसार, वर्षभरिको योजना बनाएर अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने र निरन्तर मूल्याङ्कन गर्नेमा १०० %, छन् भने योजनावद्ध शिक्षणमा ८०%, गरिव तथा जेहेन्दार छात्रवृत्तिमा ८०%, दलित तथा पिछडिएकाको लागि छात्रवृत्तिमा ५०%, शैक्षिक  भ्रमण कार्यक्रममा ६२.५% रहेको पाइयो । यसरी हेर्दा केहि पक्ष सकारात्मक र केहि पक्ष मध्यम प्रकारको देखिन्छ ।

### ४.३.३ विद्यालयमा बालमैत्री बनाउने जिम्मेवार पक्ष

विद्यालयलाई बालमैत्री बनाउन कसको दायित्व र जिम्मेवारी रहन्छ भन्ने प्रश्नमा नमूना छनौटमा परेका प्र.अ.तथा शिक्षकहरूको राय माग्दा निम्नानुसारको प्रतिक्रिया पाइयो ।

तालिका ७, विद्यालयमा बालमैत्री बनाउने जिम्मेवार पक्ष सम्बन्धी तालिका

| क्र.सं. | सबैभन्दा बढी दायित्व रहने व्यक्ति/संस्था | उत्तरदाताको संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | शिक्षकको | ८ | ५०% |
| २ | प्र.अ.को | ६ | ३७ % |
| ३ | प्र.अ.र शिक्षकको | १२ | ७५% |
| ४ | जि.शि.का.को | ३ | १८.७५% |
| ५ | सरकारको | २ | १२.५% |
| ६ | अभिभावकको | ५ | ३१.२५% |
| ७ | अन्य संघ-संस्थाको | १ | ६.२५% |
| ८ | श्रोतव्यक्ति | ८ | ५०% |
| ९ | वि.नि. | ६ | ३७.५% |
| १० | वि.व्य.स. | ४ | २५% |
| | जम्मा- | १६ जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०७०

माथिको तालिकालाई विश्लेषण गर्दा कुनै पनि विद्यालयलाई बालमैत्री बनाउन प्र.अ.र शिक्षकको भूमिका सबैभन्दा बढी रहन्छ भन्नेमा ७५% उत्तरदाताको उत्तर पाइयो । प्र.अ.मात्रमा ३७.५%, शिक्षकमा ५०%, जि.शि.का.कोमा १८.७५ %, सरकारमा १२.५ %, अभिभावकमा ३१.२५%, श्रोतव्यक्ति र वि.नि.मा क्रमशः ५०% र ३७.५% रहेको पाइयो ।

वास्तवमा विद्यालयलाई बालमैत्री बनाउने दायित्व सबै निकाय उत्तिकै जिम्मेवार रहनुपर्ने देखिन्छ ।

## ४.३.४ बालमैत्री कक्षामा शैक्षिक उपलब्धीको अवस्था

बालमैत्री कक्षा सञ्चालन भएका विद्यालय र बालमैत्री नभएका विद्यालयका बालबालिकाहरूमा शैक्षिक उपलब्धिस्तर बीच कस्तो फरक रहन्छ भन्ने तथ्य पत्ता लगाउन नमूना छनौटमा परेका विद्यालयका प्र.अ.तथा शिक्षकहरूलाई बालमैत्री कक्षा सञ्चालन भएपछि विद्यार्थीहरूको शैक्षिक उपलब्धीमा कति भिन्नता पाउनु भयो वा पाउनु भएन भन्ने प्रश्नमा प्र.अ.तथा शिक्षकहरूबाट प्राप्त परिणाम यस प्रकार रहेको पाइयो ।

तालिका ८, विद्यालयमा शैक्षिक उपलब्धी सम्बन्धी तालिका

| क्र.सं. | शैक्षिक उपलब्धी बृद्धि प्रतिशत | उत्तरदाताको संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | १० % भन्दा कम | २ | १२.५% |
| २ | १० % देखि २०% सम्म | १२ | ७५ % |
| ३ | २०% भन्दा बढी | ८ | ५०% |
| ४ | पहिलेभन्दा कम | - | ०% |
| ५ | कुनै भिन्नता नभएको | - | ०% |
| | जम्मा- | १६ जना | |

स्रोत : प्रत्यक्ष क्षेत्र भ्रमण, २०७०

विद्यालयमा बालमैत्री कक्षा सञ्चालन भएपनि विद्यार्थीहरूको शैक्षिक उपलब्धीमा १० % भन्दा कम १२.५ %, १० % देखि २०% सम्म वृद्धि भएको ७५% र २०% भन्दा बढी शैक्षिक उपलब्धी भएका विद्यालयहरु ५०% पाइयो भने पहिले भन्दा न्यून र कुनै पनि भिन्नता नभएकोमा ० रहेको माथिको तालिकाल देखिएको छ ।

मन्टेश्वरीका अनुसार स्वतन्त्र वातावरणमा मात्र बालबालिकाहरूको व्यक्तिवादी भावनाको विकास हुने सिकाई उपलब्धी प्राप्त हुने कुरामा जोड दिइको हुँदा बालमैत्री विद्यालयमा स्वतन्त्र वातावरणा बालबालिकाले सिक्ने अवसर पाउँछन् तर सिकाई उपलब्धी १० % देखि २०% सम्म मात्र देखिनुले बालमैत्री विद्यालयमा बालबालिकाहरूका लागि पूर्ण रुपमा कक्षामा बालमैत्री र रमाइलो वातावरण अझै पनि रहेको छैन भन्ने देखिन्छ। माथिको विश्लेषणबाट बालमैत्री विद्यलयमा २०% भन्दा बढीसम्म शैक्षिक उपलब्धी बृद्धि हुने अवस्था रहन्छ।

## ४.३.५ बालबालिकाहरूको बीचैमा विद्यालय छाड्ने प्रवृत्ति

राष्ट्रले शिक्षाक्षेत्रमा कुल बजेटको १७ प्रतिशत लगानी गरेको छ। सो राष्ट्रिय लगानीलाई अधिकतम रुपमा उपयोग गरेमा शैक्षिक उन्नती र विकास सम्भव हुन्छ। विद्यालयमा बीचैमा पढाई छाड्ने, असफल हुने, कक्षा दोहोऱ्याउने आदि शैक्षिक क्षति प्रशस्त मात्रामा रहेको पाइन्छ। यस्तो शैक्षिक क्षतिलाई न्यून गर्नु बालमैत्री विद्यालयको प्रमुख उद्देश्य र दायित्व हो।

नमूना छनौटमा परेका विद्यालयहरूको बीचैमा विद्यालय छाड्ने विद्यार्थीहरूको विवरण यस प्रकार रहेको छ।

तालिका ९, बीचैमा विद्यालय छाड्ने बालबालिकाहरूको विवरण तालिका

| क्र.सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी | | परीक्षामा सामेल | | बीचैमा छाड्ने | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| १ | श्री शिक्षा सदन उ.मा.वि., धरान-१५ | १७८ | १६१ | १६९ | १५१ | १० | ९ | ५.६% |
| २ | श्री भगवती निमावि धरान-१६ | ११५ | १२० | ११० | १०९ | ५ | ११ | ६.८% |
| ३ | श्री शहिद स्मृति मा.वि.धरान-८ | १३९ | ११८ | १२४ | ९१ | १५ | २७ | १६.३४ % |
| ४ | श्री शिक्षानिकेतन उ.मा.वि.धरान-६ | १४४ | १३५ | १३२ | ११५ | १२ | २० | ११.४६ % |
| ५ | श्री भानु स्मृति मा.वि.धरान-३ | १२५ | १२० | ८५ | ८५ | ४० | ३५ | ३०.६१% |

औषत दर : १४.१६ %　　　　स्रोत : विद्यालय अभिलेख, २०७०

उक्त तालिका शैक्षिक वर्ष २०६९मा बीचैमा विद्यालय छाड्ने दरलाई हेर्दा सबैभन्दा बढी श्री भानु स्मृति मा.वि.धरान-३ मा ३०.६१% र सबैभन्दा कम श्री शिक्षासदन उ.मा.वि.धरान-१५ मा

५.६% देखिन्छ । २०६९ सालको तथ्याङ्कलाई हेर्दा श्री भानुस्मृति मा.वि.धरान-३ मा सबभन्दा बढी विद्यार्थीहरूले बीचैमा विद्यालय छाडेको पाइन्छ । यसरी विद्यालय छाड्ने कारणहरूमा आर्थिक स्थिति कमजोरी, पारिवारिक विमेल, घरमा काम गरेर बाबुआमालाई पालो दिनुपर्ने, अर्काको घरमा बसेको कारणले घरबाट बीचैमा निकालिदिने, अभिभावकहरू मजदुरी गर्न आउँदा बच्चाहरू सँगै लिएर आउने र बीचैमा काम समाप्त हुँदा लिएर अन्यत्र जानेहुँदा विद्यालयमा विद्यार्थी घटेको त्यस विद्यालयका प्र.अ.श्री लोकेन्द्र कार्कीले बताउनु भयो ।

शिक्षा मन्त्रालय शिक्षा विभाग द्वारा प्रकाशित कन्सोलिडेटिङ रिपोर्ट २०६६ का अनुसार प्राथमिकतहमा नेपाल अधिराज्यका कक्षा छाड्ने दर २०६५ मा ८% र २०६६ मा ६.५% मात्र रहेको देखाइएको छ । नमूना छनौटमा परेका विद्यालयको औषत कक्षा छाड्ने दर १४.१६ प्रतिशत रहेको पाइयो, जुन अत्याधिक शैक्षिक क्षति भएको पाइयो ।

तालिका १०, बीचैमा विद्यालय छाड्ने दलित विद्यार्थीहरूको विवरण तालिका

(कक्षा १-५)

| क्र.सं. | विद्यालयको नाम | जम्मा दलित विद्यार्थी | | बीचैमा छाड्ने | | परीक्षामा सामेल | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| १ | श्री शिक्षा सदन उ.मा.वि., धरान-१५ | ४१ | ३१ | ४ | ३ | ३७ | २८ | ९.७२% |
| २ | श्री भगवती निमावि धरान-१६ | १३ | ८ | ४ | १ | ९ | ७ | २३.८% |
| ३ | श्री शहिद स्मृति मा.वि.धरान-८ | ३३ | २३ | ३ | ७ | ३० | १४ | १७.८५ % |
| ४ | श्री शिक्षानिकेतन उ.मा.वि.धरान-६ | २२ | ३२ | ७ | १२ | १५ | २० | ३५.१८% |
| ५ | श्री भानु स्मृति मा.वि.धरान-३ | ५० | ३३ | ९ | ७ | ४१ | २६ | १९.२७ % |

औषत दर : २१.१६%

स्रोत : विद्यालय अभिलेख, २०७०

माथिको तालिकाबाट शैक्षिकसत्र वि.स.२०६९ को बीचैमा विद्यालय छाड्ने दलित विद्यार्थीहरूको दरलाई हेर्दा सबैभन्दा बढी श्री शिक्षा निकेतन उ.मा.वि.धरान-६ मा ३५.१८% रहेको छ । त्यसपछि क्रमशः श्री भगवती नि.मा.वि.धरान-१६ मा २३.८%, श्री भानु स्मृति मा.वि.धरान-३ मा १९.२७ % , श्री शहिद स्मृति मा.वि.धरान-८मा १७.८५ % र सबैभन्दा कम विद्यालय छाड्ने बालबालिकामा श्री शिक्षासदन उ.मा.वि.धरान-१५ मा ९.७२% रहेको पाइन्छ ।

नमूना छनौटमा परेका विद्यालयहरूको प्रा.वि.तहको विद्यालय छाड्ने औसत दरलाई हेर्दा २१.१६% देखिन्छ । यो विद्यालय छाड्ने स्थितिलाई सम्बन्धित निकायले बेलैमा पहल र सुधार नगर्ने हो भने केहि समय भित्रै विद्यालय विद्यार्थीविहिन हुने देखिन्छ ।

तालिका ११, बीचैमा विद्यालय छाड्ने जनजाति विद्यार्थीको विवरण तालिका

(कक्षा १-५)

| क्र.सं. | विद्यालयको नाम | जम्माजनजाित विद्यार्थी | | बीचैमा छाड्ने | | परीक्षामा सामेल | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| १ | श्री शिक्षा सदन उ.मा.वि., धरान-१५ | १४४ | १०७ | ८ | ३ | १०६ | १०४ | ४.९७% |
| २ | श्री भगवती निमावि धरान-१६ | ४० | ५६ | ८ | ११ | ३२ | ४५ | १९.७९ % |
| ३ | श्री शहिद स्मृति मा.वि.धरान-८ | ८८ | ७७ | ११ | १४ | ७७ | ६३ | १५.१५ % |
| ४ | श्री शिक्षानिकेतन उ.मा.वि.धरान-६ | ८२ | ६३ | १५ | ३ | ६७ | ६० | १२.४१ % |
| ५ | श्री भानु स्मृति मा.वि.धरान-३ | ५६ | ५७ | १३ | १४ | ४३ | ४३ | २३.८९% |

औषत दर : १५.२४%

स्रोत : विद्यालय अभिलेख, २०७०

उक्त तालिकाबाट जनजाति बालबालिकाहरूको शैक्षिक वर्ष २०६९ को बीचैमा कक्षा छाड्ने दरलाई हेर्दा सबैभन्दा बढी श्री भानुस्मृति मा.वि.धरान-३ मा २३.८९% रहेको छ । त्यस्तै सबैभन्दा कम विद्यालय छाड्ने दर श्री शिक्षासदन उ.मा.वि.धरान-१५ मा १.१४ % रहेको छ ।

नमूना छनौटमा परेका ५ वटा विद्यालयको बीचैमा विद्यालय छाड्ने जनजातिहरूको औसत दर (प्रा.वि.तह) १५.२४ % रहेको पाइएको छ ।

## ४.४ अवलोकन तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कको विश्लेषण

नमुना विद्यालयहरूको प्रत्यक्ष अवलोकनबाट प्राप्त भएका सूचनाहरू पनि यहाँ महत्वपूर्ण रहेका छन् । ती सूचना तथा तथ्याङ्हरूको सत्यता र विश्वसनीयताको लागि पनि नमूना विद्यालयको अवलोकन प्रभावकारी रह्यो । एउटा विद्यालयमा २ दिनदेखि ४ दिनसम्म लगातार अवलोकनबाट देखिएका र महसुस गरिएका सूचनाहरूलाई टिपोट गरेर ती टिपोटहरूका बारेमा विद्यालयमा समेत छलफल गरी त्यहिँ नै प्रारम्भिक निष्कर्ष समेत निकालिएको थियो । यसका

अतिरिक्त यस सोध समस्यालाई ठोस निष्कर्षमा पुऱ्याउन द्वितीय स्रोतबाट प्राप्त विभिन्न तथ्याङ्कहरूलाई लिएर विश्लेषण गरिएइको छ ।

### ४.४.१ छलफल क्रियाकलाप

विद्यालयमा बालमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न छलफल विधि पनि उपयुक्त विधिका रूपमा लिइन्छ । कुनैपनि विषयमा शिक्षण गर्नका लागि विद्यार्थीहरूलाई समूह-समूह निर्माण गरी सामूहिक छलफलबाट शिक्षण गरी, समूहबाट प्राप्त निचोडहरूलाई टिपोर्ट गरी प्रस्तुत गरेर कक्षामा जानकारी गराउने र निष्कर्ष समेत निकालेर सिकाई गराउने विधि उपयोग गरेको पाइयो ।

### ४.४.२ बाल कविता तथा बाल गीतहरूको प्रयोग

कविता तथा गीतहरूले प्रत्येक व्यक्ति तथा विद्यार्थीहरूलाई रमाइलो, उत्साहित प्रफुल्ल बनाएको हुन्छ । त्यसैले सबै नमूना छनौटमा परेका विद्यालयहरूमा बालगीत तथा कक्षागत गीतहरू गाउन लगाइएको पाइयो । विद्यार्थीहरू गिती कविताहरू गाउन मन पराउने देखियो । यसबाट बालबालिकाहरूको सिर्जनात्मक कलामा वृद्धि हुने र शिक्षण सिकाई प्रक्रिया पनि सरल र प्रभावकारी हुने देखिन्छ ।

### ४.४.३ क्षेत्र भ्रमण

सिकारूहरूको प्रत्यक्षरूपमा अवलोकन, महसूस र अनुभूति गर्न पाउने अवस्थाबाट वास्तविक र यथार्थ सिकाई हुन्छ भन्ने विश्वास सबै शिक्षकहरूमा पाइयो । त्यसैले विशेष गरेर विज्ञान तथा वातावरण र सामाजिक शिक्षा विषयमा प्रत्यक्ष क्षेत्र भ्रमणको माध्यमबाट शिक्षण गरेको पाइयो । क्षेत्रभ्रमण उद्देश्यपूर्ण, व्यवस्थित र योजनाबद्ध हुनुपर्छ । यसका लागि शिक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ भने विद्यार्थीहरू सक्रिय रहन्छन् ।

### ४.४.४ अभिनय

अभिनय गर्ने, हाउभाउ गर्ने, नक्कल गर्ने, सामान्य नाटक खेल्ने कुरामा बालबालिकाहरूको रूची बढी मात्रामा हुने भएकोले विद्यार्थीहरू सक्रिय रहको पाइयो । शिक्षकहरू पनि यस्ता क्रियाकलापबाट कक्षाशिक्षण गर्न सरलता मान्ने र विद्यार्थीहरूमा अभिभावकहरूले समेत यस्ता क्रियाकलाप मन पाइएको पाइयो ।

### ४.४.५ परियोजना कार्य

विद्यालयमा विद्यार्थीहरूलाई सक्रिय तथा स्व-सिकाईका लागि विभिन्न प्रकारका स्तर सुहाउँदो परियोजना कार्य दिने गरेको पाइन्छ । यसमा ६०% विद्यालयमा माटाका फलफूलको नमूना, चराका चित्रहरू, घरमा बनाएर ल्याउन गृहकार्यको रूपमा दिएको पाइयो । यो परियोजनाकार्यको राम्रो पक्ष मान्न सकिन्छ । यस्ता परियोजनाकार्यबाट बालबालिकाहरूमा खोज तथा अनुसन्धान कार्यमा समेत हौसला तथा प्रोत्साहन मिल्न सक्छ भन्ने प्र.अ.तथा शिक्षकहरूको रहेको छ ।

## ४.५ बीचैमा विद्यालय छाड्ने दरको कारण

कमजोर आर्थिक अवस्थाका कारण घरको काममा सहयोग गर्नुपर्ने, काम गर्न अर्काकोमा गएर पैसा आर्जन गर्नुपर्ने, घरमा बसेर साना भाइवहिनी हेरि अभिभावलाई काममा पालो दिनुपर्ने, अर्काकोमा गोठालो बस्नुपर्ने, चेतनाका कमि भएको, स्कूलमा आउँदा खाजाको प्रवन्ध नभएको, विद्यालयको वातावरण रमाइलो नभएको, कपि, पेन्सिल किन्ने पैसा नभएको, घरायसी झगडा, बाबुआमाको विमेल, विद्यालय बालमैत्री नभएको कारण उनीहरू बीचैमा विद्यालय छाड्न बाध्य भएको देखिन्छ ।

मास्लोको आवश्यकता सम्बन्धी सिद्धान्त अनुसार तल्ला तहका आवश्यकता पूरा गर्दै विद्यालयका बालबालिकाहरूलाई टिकाई राख्न र शैक्षिक क्षति कम गर्न विद्यालयको वातावरण रमाइलो हुनुपर्ने, कक्षा व्यवस्थापनमा ध्यान पुऱ्याउनु पर्ने, ड्रेस, कपि कलम किन्न सहयोग गर्नुपर्ने, जनचेतना जगाउनु पर्ने र विद्यालयले सम्बन्धित अभिभावकसँग समय-समयमा विद्यालयलाई बालमैत्री बनाउन अन्तरक्रिया र छलफल गर्नुपर्ने देखिन्छ ।

### ४.५.१ बालमैत्री कक्षा व्यवस्थापनका उपायहरू

विद्यालयलाई बालमैत्री बनाउनका लागि विद्यालय व्यवस्थापन समिति र शैक्षिक प्रशासनको महत्वपूर्ण भूमिका र दायित्व रहने हुँदा विद्यालयमा उपलव्ध आर्थिक एवम् मानवीय संशाधनलाई अध्ययनरत बालबालिकाहरूको अधिकतम हितमा कसरी उपयोगमा ल्याउन सकिन्छ भनी उपयुक्त र प्रभावकारी विद्यालय सुधार योजना तयार गरी सरोकारवाला सम्पूर्ण व्यक्तिहरूको सहभागीतामा कक्षाकोठाको वातावरण स्वागतयोग्य, आकर्षक र व्यवस्थित बनाउन प्र.अ.को नेतृत्वमा

कक्षाकोठाको आवश्यक पर्ने भौतिक साधनहरू जस्तै भुइँमा कार्पेट बिछ्याउने व्यवस्था, भित्तामा ठूलो कालोपाटी, रङ्गीचङ्गी खेलौनाहरू, शैक्षिक सामग्रीहरू राख्ने व्यवस्था तत्काल गर्नुका साथै बाल सुलभ चर्पी, सफा पिउने पानी, टिफीन खाजाको व्यवस्था प्रत्येक विद्यालयमा गर्नुपर्ने हुन्छ । विद्यालयको प्राङ्गणमा फूलबारी र बगैंचाको अभावले प्रायः सबै विद्यालयमा हरियाली वातावरण छैनन् । त्यसकारण वृक्षारोपणको व्यवस्था गर्नुपर्ने हुन्छ ।

सकारात्मक र सहयोगी भावना अझ बृद्धि गर्नुपर्ने कुरामा शिक्षकहरूले हिचकिचाउन हुँदैन । बदलिंदो समय अनुसार प्रभावकारी शिक्षण विधि उपयुक्त, पर्याप्त र रमाइलो रहने खालका शैक्षिक सामग्रीहरूद्वारा कलिलो बाल मस्तिष्कलाई प्रोत्साहित र अभिप्रेरित गर्नु पर्दछ । त्यसो भएमा बालबालिकाहरू विद्यालयप्रति अपनत्वको भावनामा परिवर्तनशिल भई धेरै रमाइलो महसुस गर्छन् र बालमैत्री विद्यालय स्थापनामा थप सहयोग पुग्दछ ।

बलमैत्री विद्यालयको स्थलगत भ्रमण, अवलोकन तथा सरोकारवाला व्यक्तिहरूबाट प्राप्त समस्याहरू समाधानार्थ छुट्टै सुझावहरू समेत परिच्छेद पाँचमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५.१ प्राप्ति

शोधकार्य सम्पन्न गर्नका लागि उपलव्ध भएका सूचना तथा तथ्याङ्कहरूको व्याख्या, विश्लेषण तथा विवेचना गर्ने क्रममा विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापनको अवस्था सम्बन्धी विभिन्न जानकारीहरू सूचना तथा तथ्याङ्कहरू प्राथमिक तथा द्वितीय (सहायक) स्रोतहरूको अध्ययन तथा विश्लेषणहरूको आधारमा प्राप्त गरिएको छ । यस्ता सान्दर्भिक सूचनाहरूलाई यो शोध अध्ययनको सूचकको रूपमा लिइएको छ ।

विद्यालय बालमैत्री हुनका लागि आवश्यक पर्ने पूर्वाधारहरू नमूना छनौटमा परेका विद्यालयहरूमा विभिन्न कारणले गर्दा पूर्ण रूपमा सम्पन्न नभएको पाइयो । आवश्यक पूर्वाधारका कमीले गर्दा उपयुक्त शिक्षण विधि र क्रियाकलापहरू सरल, सहज र प्रभावकारी रूपमा कक्षा सञ्चालन गर्न अफठ्यारो र बाधा पुगेको देखियो । विद्यालयमा बालमैत्री व्यवस्थापन गर्न प्र.अ.तथा शिक्षकहरू बालमैत्री पूर्ण क्रियाकलाप सञ्चालन गर्न गराउनमा उत्सुक र जागरुक भएको पाइयो । शिक्षकहरू यस्ता क्रियाकलाप सञ्चालन गरेर शिक्षण गर्न तत्पर रहेको पाइयो । तर शिक्षकहरूमा तालिमको कमि भएको देखिन्छ । विद्यालयको प्रमुख आधार स्तम्भ नै मैत्रीपूर्ण र बालकेन्द्रित कक्षा व्यवस्थापन र शैक्षिक क्रियाकलाप नै हुन् ।

विद्यालयमा कक्षा व्यवस्थापन गर्दा व्यवस्थापन गरिएको कक्षा बालमैत्री हुन आवश्यक छ । कुशल तरिकाले व्यवस्थापन गरिएको खण्डमा विद्यालयका शैक्षिक क्रियाकलापमा सक्रिय सिकाई हुनजान्छ र विद्यार्थीको सहभागिता पनि अभिवृद्धि हुन्छ । विद्यालय बालमैत्री हुन सबै प्रकारका दण्ड हट्न आवश्यक छ । तर पूर्ण रूपमा हट्न सकेको पाइदैन । विद्यार्थीलाई शिक्षकद्वारा दिइने शारीरिक दण्ड हटेको पाइएता पनि अन्य मनोवैज्ञानिक दण्ड हटेको पाइदैन । विद्यालयमा हुने दण्डहरू भने घट्दो अवस्थामा पाइएको छ ।

विद्यालयका शिक्षकलाई बालमैत्री व्यवहार सम्बन्धी तालिमको आवश्यकता रहेको छ । शिक्षकले नियमित रूपमा सामाग्रीको व्यवस्थापन गर्नुपर्ने देखिन्छ । थोरै खर्चहुने, खर्च नपर्ने, शिक्षक निर्मित सामाग्रीहरूको व्यवस्थापन पूर्णतया हुन सकेको पाइएन । सामाग्रीको व्यवस्थापन एकपटक गरेर नहुने कुरा हो । कक्षा व्यवस्थापन सामाग्रीहरूको व्यवस्थापन र प्रयोगमा प्रभावकारीता ल्याउन थप कार्य गर्नुपर्ने देखिन्छ ।

विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापनमा संलग्न शिक्षक तालिम प्राप्त, योग्य, नियमित, मेहनती, मिजासिलो, सहनशील, कर्तव्यनिष्ठ, बालव्यवहार बुझेको, संयमी र अनुशासित हुनुका साथै

बालकेन्द्रित शिक्षण विधिका प्रयोगकर्ता, सक्रिय शिक्षण सिकाइका प्रस्तुतकर्ता, अर्थपूर्ण, प्रभावकारी, समानता, भेदभावरहित, आधार सहितका पूर्ण उपयोगकर्ता हुनुपर्ने मान्यता सबै शिक्षकमा पाइयो ।

बालमैत्री कक्षामा निरन्तर मूल्याङ्कनबाट प्राप्त सिकाई उपलब्धीहरूको प्रत्येक विद्यार्थीको नियमित रेकर्ड सहितको कार्य सञ्चयिका (Port Folio), उदार कक्षा उन्नती लागू गरिएको पाइयो । विद्यालयहरूमा बालमैत्री कक्षा व्यवस्थापन पक्षमा भौतिक व्यवस्थापन, गुणस्तरीय शिक्षा, बालसुलभ कक्षा तर्फ उन्मुख र अग्रसर भएको पाइयो । विद्यालयको अभिलेख अनुसार बालमैत्रीपूर्ण तरिकाले कक्षा सञ्चालन गर्दा विद्याथीहरूको सिकाई उपलब्धीमा १०% देखि २०% सम्म वृद्धि भएको पाइयो ।

सरकारी नीति, नियम नै स्पष्ट नभएकाले माथिल्ला कक्षाहरूमा बालमैत्रीपूर्ण कक्षा वातावरण नभएको र हुननसकेको, निरन्तर पृष्ठपोषणको कमी, अभिभावकहरूमा चेतनाको कमी जस्ता समस्याहरू टट्कारो रूपमा देखा परेको पाइयो साथै बालमैत्री कक्षा व्यवस्थापन गर्न आवश्यक पर्ने आर्थिक पक्ष पनि अप्रयाप्त र अपुग भएको देखिन्छ ।

## ५.२ निष्कर्ष

यस शोध अध्ययनको तात्विक निष्कर्ष निकाल्न शिक्षाविद, शिक्षा मनोवैज्ञानिक, दार्शनिक जस्तै : मास्लो, मन्टेश्वरी, फेरे, गिजुभाइ, यस सम्बन्धी लेख, समसामयिक पुस्तिका आदिका धारणा लगायत विद्यार्थी केन्द्रित शिक्षण विधि, प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स.अध्यक्ष, स्रोतव्यक्ति, वि.नि., सरोकारवाला व्यक्ति, अभिभावक, प्रशिक्षक आदिको प्रतिक्रिया, बिचार र स्वयं शोधकर्ताको अध्ययनबाट यो शोधकार्यको निष्कर्ष र निचोड निकाल्ने काम भएको छ ।

सार्वजनिक रूपमा सञ्चालन गरिएका विद्यालयमा बालमैत्री कक्षाव्यवस्थापनको वास्तविकतालाई अध्ययन गर्दा साना बालबालिकाहरूका लागि कक्षा व्यवस्थापन गर्दा प्रत्येक बालकक्षामा डेक्स, बेञ्च हटाएर कार्पेट, चकटी, गुन्द्री ओछ्याएर सहज सिकाइका लागि उपयुक्त कक्षा व्यवस्थापन तथा वातावरण सिर्जना गर्नुका साथै बच्चाहरूलाई रमाइलो लाग्ने खालको वातावरण तयार गर्नुपर्ने हुन्छ ।

विद्यालय विद्यार्थीको घरको रूपमा नै स्थापित हुन नसकेतापनि आजको बालमैत्री विद्यालयमा विद्यार्थीहरूले मायालु, सहयोगी र रमाइलो वातावरण भने प्राप्त गरेका छन् र उनीहरू दिक्क लाग्दो अवस्थामा भने छैनन् विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन र सञ्चालन साझा जिम्मेवारी हो । यो तालिम प्राप्त शिक्षकको मात्र दायित्व होइन, यसका लागि शिक्षक, विद्यार्थी,

वि.व्य.स., पदाधिकारी, अभिभावक, स्थानीय निकाय तथा संघ-संस्था, सम्पूर्ण सरोकारवालाहरूको संलग्नता र सहभागिता आवश्यक छ। विद्यालयहरू बालअधिकारको संरक्षणमा सचेत छन् तर पूर्ण परिपालना र कार्यान्वयन भने आंशिक मात्र सफलता रहेको छ।

विद्यालयले आफ्नो सेवा क्षेत्रभित्रका विद्यालय उमेरका बालबालिकाहरूको खोजी गर्दछ, विद्यालयमा टिकाई राख्दछ, नियमित गराउँछ र गुणस्तरीय शिक्षा प्रदान गर्दछ।

विद्यालयमा वातावरणको हिसाबले शान्तमय, विषयवस्तुका हिसाबले शान्तिका पाठहरू, क्रियाकलापका हिसावले सामुदायिक एवम् सहभागितामूलक, अन्तरसम्बन्धका हिसावले सहिष्णुताजन्य, वातावरणको सिर्जना तथा समालोचनात्मक सचेतता बढ्ने, छलफल विधिको प्रयोग विद्यालयका आधार स्तम्भ हुन्। शान्ति शिक्षा बालमैत्री विद्यालयमा अपरिहार्य छ।

कुनै पनि विद्यालयलाई बालमैत्रीपूर्ण पद्धती अनुसार सु-सञ्चालन गर्न विद्यालयका प्र.अ.तथा शिक्षकको ७५% दायित्व रहेएको पाइयो। छात्रवृत्ति जहिले पनि विद्यार्थीहरूमा मनोवैज्ञानिक तयारिका लागि उपयोगी हुने किसिमको हुनुपर्दछ। यस किसिमको मनोवैज्ञनिक छात्रवृत्तिले सिकारूको आवश्यकता, इच्छा र संभाव्य सन्तुष्टि प्राप्त गर्न सक्नु पर्दछ। प्रत्येक विद्यार्थीले आफूलाई भौतिक रूपमा सुरक्षित, संवेगात्मक रूपमा रमाइलो र मनोवैज्ञानिक रूपमा मर्यादित र मनोबल उच्च महशुस गराउने वातावरण भएको विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ। विद्यालयले बालमैत्री, बाल सहभागिता, समावेशीकरण, विभेद र दण्डको अन्त्य, सक्रिय र प्रभावकारी सिकाई सहितको रमाइलो विद्यालय वातावरणमा जोड दिन्छ।

## ५.३ सुझावहरू

### (अ) नीति निर्माण तह

बालअधिकार, सबैको लागि शिक्षा, सहस्राब्दी विकासका लक्ष्यजस्ता नेपालको तर्फबाट भएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई सम्बोधन गर्ने नीति तयार गरिनु पर्छ। बालमैत्री विद्यालयको आवश्यकता र महत्वका बारेमा सरोकारवालाहरूलाई अवगत गराउनु पर्छ बालमैत्री विद्यालयका लागि राष्ट्रिय मापदण्ड र यसका सूचकहरू निर्धारण गरिनुपर्छ। नेपालमा सञ्चालित सबैखाले विद्यालयहरूलाई बालमैत्री विद्यलय बनाउन पहल गरिनु पर्छ। शिक्षक तालिम सम्बन्धी विषयवस्तुमा बालमैत्री अवधारणालाई समावेश गरिनु पर्छ।

शिक्षाशास्त्र संकायका उच्च शिक्षाका विषयवस्तुमा बालमैत्री कक्षा व्यवस्थापनलाई पाठ्यक्रममा समावेश गरी अध्यापन गराउनु पर्छ। विद्यालयमा नियमीत सुपरिवेक्षण तथा अनुगमन

गरी आवश्यकता अनुसार पृष्ठपोषणको व्यवस्था गरिनु पर्छ। विद्यालयलाई भयमुक्त र दण्डरहित वातावरण बनाउनका लागि शान्ति शिक्षालाई अभियानका रूपमा कार्यक्रम्लाई अघि बढाउनु पर्छ। अन्य सम्बन्धित निकायसँग सहकार्य र साझेदारी गरी विद्यालयलाई बालमैत्री वातावरण विकासका लागि पहल गरिनु पर्छ।

### (आ) जिल्ला तह

जिल्ला शिक्षा योजना तयार गर्दा नीति निर्माणकर्ताले विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापनमा प्राथमिकता दिइनु पर्छ। प्र.अ., शिक्षक, वि.व्य.स. पदाधिकारीहरूलाई विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन प्रोत्साहन स्वरूप विभिन्न कार्यक्रम अवलम्वन गरिनु पर्छ।जि.शि.का.ले विद्यालयलाई बालमैत्री बनाउन सम्बन्धित गा.वि.स, न.पा.तथा जि.वि.स.सँग सहकार्य गरिनु पर्छ। जिल्लामा कार्यरत राष्ट्रिय तथा अन्तर्रराष्ट्रिय गैरसरकारी संस्थाहरूसँग जि.शि.का.ले सहकार्य गरी विद्यालयलाई बालमैत्री अवधारणामा रूपान्तरण गर्न ठोस कार्ययोजना बनाई जिल्ला तहमा लागू गरिनु पर्छ।

बालमैत्री अवधारणालाई प्रभावकारी बनाउन शिक्षकहरूलाई पुनर्ताजगी तालिमको व्यवस्था गरिनु पर्छ। विद्यालयलाई बालमैत्री वातावरणमा रूपान्तरण गर्न विद्यालय सुधार योजनाले तोकेवमोजिमको रकम निकासा गरी सोहि शीर्षकमा खर्च गर्न विद्यालयलाई प्रोत्साहित गरिनुपर्ने देखिन्छ। कार्ययोजना बनाउँदा जि.शि.का.ले जिल्लास्तरमा सञ्चालित विद्यालयका बरिष्ठ प्र.अ., शिक्षक तथा अभिभावकहरूलाई आमन्त्रण गरी उनीहरूको राय तथा सुझावहरू पनि योजनामा समेटिनु पर्छ।

### (ई) विद्यालय तह

बालबालिकाहरूलाई पढाई लेखाइका अतिरिक्त स्वास्थ्य एवम् सुरक्षामा विशेष ध्यान दिइनु पर्छ। विषयवस्तुलाई शिक्षण गर्दा मनोरञ्जनपूर्ण क्रियाकलापमा रूपान्तरण गरेर शिक्षण गर्नुपर्ने भएकोले शिक्षकले मनोरञ्जनपूर्ण क्रियाकलापको सङ्कलन, निर्माण र स्थानान्तरण गर्नुपर्ने देखिन्छ। बालबालिकाका सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने पूर्ण जिम्मेवारी शिक्षकले लिइनु पर्छ। विद्यालयको नीति निर्माण, योजना तर्जुमा कार्यान्वयन र मूल्याङ्कनमा बालबालिका अभिभावक र समुदायलाई प्रत्यक्ष सहभागी गराइनु पर्छ।

बालबालिकाहरूलाई उनीहरूको जात, लिङ्ग, धर्म, भाषा, आर्थिकस्तर शारीरिक एवम् मानसिक दुर्वलताको आधारमा भेदभाव विना विद्यालयमा भर्ना गरिनु पर्छ। बालबालिकाको घर

सरह विद्यालयलाई विकास गर्न शिक्षक, प्र.अ., वि.व्य.स.र शि.अ.सं., अभिभावकहरू समेतको समन्वयात्मक सहयोग जुटाउन आवश्यक देखिन्छ ।विद्यालयमा अध्ययन गर्न आउने बालबालिकाहरूलाई संभव भएसम्म खाजाको व्यवस्था मिलाउनु पर्ने आवश्यकता देखिन्छ । बालबालिकाको रूचि, क्षमता र स्तरको कदर गरिनु पर्छ र सोहि अनुसार उनीहरूको सिकाइका लागि आवश्यक वातावरणको व्यवस्था गरिनु पर्छ । बालबालिकाहरूले शारीरिक, मानसिक एवम् सम्वेगात्मक रूपले सुरक्षित तथा

स्वस्थ वातावरण पाउनु पर्छ । विद्यालयले प्रत्येक विद्यार्थीको निरन्तर मूल्याङ्कनका लागि कार्यसञ्चयिका (पोर्ट फोलियो) र सिकाइ उपलब्धिको विवरण समेतको रेकर्ड राखिनु पर्छ । कुनै पनि प्रकारको भौतिक, शारीरिक एवम् मानसिक दण्ड, सजाय बन्द गरिनु पर्छ र बालबालिकाहरूलाई दुर्व्यवहार र नोक्सानीबाट बचाउने काम निरन्तर रूपमा भइरहनु पर्छ ।

## सन्दर्भग्रन्थसूची :


खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

गिरी, ललितादेवी (२०६५), *जंगलसहिया स्रोतकेन्द्र रौतहटको कक्षाको सिकाइ उपलव्धी वृद्धिमा बालविकास केन्द्र ECD को भूमिका*। स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

*नेपाल अधिराज्यको संविधान-२०६३*

पोखेल, बाबुराम (२०६६), *बालमैत्री विद्यालयमा शिक्षण सिकाई क्रियाकलापको अवस्था एक अध्ययन,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्यामपस इनद्रपुर मोरङ

*नेपालमा बालबालिकाको स्थिति* (२०६५, २०६४, २०६३), हरिहर भवन, ललितपुर : नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति,

विष्ट, शेभियतराम (२०६५), *अवस्था, अवधारणा र प्रयोग* शिक्षक मासिक पत्रिका, नवौं अंक, पौष, सानोठिमी भक्तपुर

भ्वाइस अफ चिल्ड्रेन (सन् २०११) , *बालयौन दुर्व्यवहार न्यूनिकरण,* ।

*मानव अधिकार महासन्धी (२०४८) ।*

शर्मा ,गोपिनाथ (२०६४),*नेपाल शिक्षा आयोगका प्रतिवेदनहरू,*काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा एण्ड शर्मा प्रा.चिरञ्जिवी, निर्मला (२०६१), *कक्षाकोठामा मनोविज्ञान,* एम्.के.पव्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स, भोटाहिटी, काठमाडौं ।

शर्मा, चिरञ्जीवि र निर्मला शर्मा (२०६६), *शिक्षा मनोविज्ञान,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

शिक्षा विभाग (२०६०), *सिर्जनात्मक तथा अभिव्यक्तिशील कला,*। शिक्षक स्रोत सामग्री, सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६७) , *बालमैत्रीविद्यालय राष्ट्रिय प्रारूप* : नेपाल सरकार शिक्षा मन्त्रालय ।

शिक्षा विभाग/सेभ द चिल्ड्रेन एलायन्स (२०६२), *बालमैत्री विद्यालय शिक्षक प्रशिक्षण पुस्तिका,* सानोठिमी, भक्तपुर ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३), *सजायरहित शिक्षण सिकाई तरिका सम्बन्धी शिक्षक तालिम कार्यक्रम प्रशिक्षक-प्रशिक्षण निर्देशिका,* सानोठिमी, भक्तपुर ।

शैक्षिक तालिम केन्द्र (ख) (२०६४), *प्रशिक्षक पुनर्ताजगी तालिम, प्रशिक्षक निर्देशिका तथा प्रशिक्षार्थी स्रोत सामग्री,* विराटनगर, मोरङ्ग ।

# अनुसूची-१
## विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन
## अन्तरवार्ता प्रश्नावली भर्ने स्रोतव्यक्ति, प्र.अ.शिक्षक, अभिभावक र विद्यार्थीहरू

| क्र.सं. | विद्यालयको नाम | प्र.अ.को नाम | शिक्षकहरू | अभिभावकहरू | विद्यार्थीहरू | वि.नि.प्रशिक्षक र स्रोतव्यक्तिहरू |
|---|---|---|---|---|---|---|
| १ | श्री शिक्षासदन उ.मा.वि. धरान-१५ | अम्बिका कु.सम्बाहाम्फे | बलवन्त ठाकुर | बकसमान गुरुङ्ग | अमन वि.क फुङ्सा लिम्बू | वि.नि. रुद्रप्रसाद राई |
| २ | श्री भगवती नि.मा.वि. धरान-१६ | पदम ब.श्रेष्ठ | गीता सुवेदी | निर्मला कार्की | विकास ढकाल विनिता राई | प्रशिक्षक मोती प्रसाद भट्टराई |
| ३ | श्री शहिद स्मृति मा.वि.धरान-८ | इश्वर सुवेदी | राम व.विष्ट | प्रेम पोखेल | ज्ञानुमाया राई विशाल मगर | स्रोतव्यक्ति महेन्द्रदत्त कायस्थ |
| ४ | श्री शिक्षा निकेतन उ.मा. वि. धरान-६ | हिराकाजी बुढाथोकी | रेवत पौडेल | सन्तोष न्यौपाने | मन्दिप लिम्बू सुनैना शाह | |
| ५ | श्री भानुस्मृति मा.वि.धरान-३ | लोकेन्द्र कार्की | रविन सुवेदी | गंगा प्र.लिम्बू | अन्जना लिम्बू सुरेन्द्र सुनुवार | |

# अनुसूची-२
# विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

## सर्वेक्षण फारम

**विद्यालयको नाम :** **ठेगाना :**

**प्र.अ.को नाम :** **हस्ताक्षर :**

**(क) बीचैमा विद्यालय छाड्ने दलित वालवालिकाहरूको विवरण :**

| क.सं. | विद्यालयको नाम | दलित विद्यार्थी | | बीचमा छाड्ने | | परीक्षामा सामेल | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| जम्मा | | | | | | | | |

**(ख) बीचैमा विद्यालय छाड्ने जनजाति वालवालिकाहरूको विवरण :**

| क.सं. | विद्यालयको नाम | जनजाति विद्यार्थी | | बीचमा छाड्ने | | परीक्षामा सामेल | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| जम्मा | | | | | | | | |

# अनुसूची-३
# विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

## सामूहिक छलफल

१. विद्यालयमा शिक्षक, विद्यार्थीको सम्बन्ध ।

२. विद्यालयमा खानेपानीको प्रवन्ध ।

३. विद्यालयमा खेल्ने चौरको अवस्था ।

४. विद्यालयमा चमेनागृहको व्यवस्थापन ।

५. विद्यालयमा कक्षाकोठामा व्यवस्थापन ।

६. विद्यालयमा शैक्षिक सामाग्रीको प्रयोग ।

७. वालमैत्री विद्यालयको कक्षाकोठा व्यवस्थापन अन्तरगत पर्ने भौतिक, विद्यार्थी क्रियाकलाप र बसाई

व्यवस्थापन ।

# अनुसूची-४
# प्र.अ./शिक्षकका लागि प्रश्नावली

नामः पदः

विद्यालय : ठेगाना :

अनुभव वर्ष :

१. विद्यालय बालमैत्री हुनका लागि शिक्षकको व्यवहार कस्तो हुनु पर्छ ?

२. बालमैत्री कक्षामा गराइने कक्षा क्रियाकलाप कस्तो हुनु पर्छ ?

३. शिक्षक तालिमका लागि आगामी दिनका लागि कस्तो सोचाई राख्नु भएको छ ?

४. कक्षा व्यवस्थापनका पक्षहरू के-के हुन सक्छन् ?

५. कक्षामा बसाई व्यवस्थापन कस्तोलाई बढी प्राथमिकता दिनु हुन्छ ?

६. कक्षा व्यवस्थापनमा भौतिक पक्ष कसलाई मान्नु हुन्छ ?

७. शिक्षण पेशा कस्तो पेशाको रुपमा लिनुभएको छ ?

८. आफ्नो पेशा प्रति सन्तुष्टि वा असन्तुष्टि के छ ?

९. सिकाइ क्रियाकलाप बालमैत्री हुन किन आवश्यक छ ?

१०. तालिम लिनु भएको छ कि छैन ? लिनु भएको छ भने नयाँ उपलव्धी के पाएको अनुभव गर्नु भएको छ ? आगामी दिनमा कस्तो थप तालिमको अपेक्षा गर्नु हुन्छ ?

११. शैक्षिक क्षति र विद्यार्थी घट्ने दरलाई न्यून गर्न के उपाय छ ? छ भने बताईदिनु हुन्थ्यो कि ?

# अनुसूची-५

## विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

## विद्यार्थीका लागि प्रश्नावली

१. तिमीलाई विद्यालयमा शिक्षकले माया गर्नु हन्छ कि गर्नु हुन्न ?

२. कक्षाकोठा शिक्षणमा शिक्षकले कुन-कुन तरिकाले पढाउनु हुन्छ ? कुनै ४ वटा तरिकाहरू भन ।

३. तिमीले कक्षाकोठामा कस्तो वातावरण पाएका छौं ?

४. तिमीलाई सबैभन्दा मनपर्ने शिक्षक को हुनुहुन्छ ? किन ?

५. सरहरूले पढाउँदा शैक्षिक सामग्रीको प्रयोग गर्नु हुन्छ कि हुन्न ?

६. तिमीलाई विद्यालयमा शिक्षकले कुट्नुहुन्छ ? के गर्दा कुट्नु हुन्छ ?

७. तिमीलाई विद्यालयमा कस-कसले बढीमाया गर्नुहुन्छ ?

८. तिमीलाई शिक्षकले के गर्न लगाउनु हुन्छ ?

९. बालमैत्री विद्यालय भन्ने सुनेका छौं ? कस्तो विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ ?

## अनुसूची-६
## विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

### वि.व्य.स.अध्यक्ष र अभिभावकका लागि प्रश्नावली

१. शैक्षिक योजना बनाउँदा सरोकारवालाहरूलाई समावेश गराइन्छ कि गराइदैन ?

२. तपाईंको विद्यालयमा समस्याहरू के-कस्ता पाउनु भएको छ ?

३. तपाईको विद्यालयको भौतिक अवस्था कस्तो रहेको छ ?

४. विद्यार्थीको क्षमता अनुसारको शौचालय, खानेपानीका व्यवस्था छ/छैन ?

५. विद्यालयले अभिभावकको सहयोग लिएर विद्यार्थीलाई खाजा खुवाउने व्यवस्था मिलाएको छ/छैन ?

६. विद्यालयको नीति तथा कार्यक्रम निर्माण गर्ने क्रममा हुने छलफल र निर्णय प्रक्रियामा अभिभावकहरुको सहभागिताा जोड दिएको छ/छैन ?

७. विद्यालयले आफ्ना अभिभावकहरुलाई विद्यालय गतिविधि तथा विद्यार्थीहरुको प्रगति प्रतिवेदन नियमित रुपमा पठाउने गरेको छ ?

८. तपाईंका बालबालिका विद्यालय जान रूचाउँछन् ?
यदि रूचाउँदैनन् भने के कारणले होला ?

९. विद्यालयलाई बालमैत्री बनाउन कसको बढी दायित्व हुन्छ ?

१०. बालमैत्री विद्यालयमा शिक्षक कस्तो हुनुपर्छ ?

## अनुसूची-७
## विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन
## स्रोतव्यक्ति र वि.नि.का लगि प्रश्नावली

अन्तरवार्ता दिनेको नाम : पदः

कार्यालय : जिल्ला : अनुभव वर्ष :

१. कुनै विद्यालयलाई बालमैत्री बनाउन कसको दायित्व सबैभन्दा बढी हुन्छ ?

२. तपाईंको विचारमा बालमैत्री विद्यालयमा के-कस्ता क्रियाकलापहरू सञ्चालन गरिनु पर्छ?

३. कक्षाकोठा व्यवस्थापनका पक्षहरू के के हुन् ?

४. बालमैत्री विद्यालयमा शिक्षकका व्यवहारहरू कुन-कुनलाई मान्नु हुन्छ ?

५. बालमैत्री विद्यालयमा दण्डको अवस्था कस्तो पाउनु भएको छ ?

६. बालमैत्री विद्यालयका समस्याहरू कुन-कुन छन् ?

७. विद्यालयमा बालमैत्री कक्षा सञ्चालन भएपछिको अवस्थामा तपाईंले शैक्षिक उपलब्धिमा कार्यभिन्नता पाउनु भएको छ ?

८. बालमैत्री विद्यालयमा खानेपानी र शौचालयको अवस्था कस्तो पाउनु भएको छ ?

९. बालमैत्री विद्यालयमा खाजाको व्यवस्थापन कसरी गरिएको पाइयो ?

१०. शिक्षक, विद्यार्थी र सरोकारवाला बीचमा अन्तरक्रिया भएको छ कि छैन ?